का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ माघ २०७९,
बिहीबार
26 January 2023,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

२०औं वार्षिकोत्सव विशेषांक
थप ४० पृष्ठ

वर्ष २१, अंक १ । पृष्ठ १६+८+८+८+८+८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## प्रकाशकीय

# खुशीको दिन



आज श्रीपञ्चमी । नेपाली समाजमा यो दिनको विशेष अर्थ छ । यो दिनलाई शुभदिन मान्ने प्रचलन यद्यापि कायमै छ । हामीले पनि २० वर्ष अगाडि श्रीपञ्चमीकै अवसर पारेर मध्यान्ह राष्ट्रिय दैनिक शुरू गरेका थियौं । अर्थात् आजको दिन मध्यान्ह राष्ट्रिय दैनिकको स्थापना दिवस हो । आजबाट हामी २१ औं वर्षको यात्रामा अगाडि बढेको खबर सुनाउन पाउनु हाम्रो लागि गर्वको विषय हो । दुई दशक लामो यात्रा पार गरेको खुशी तपाईहरू समक्ष साट्न चाहन्छौं । किनकि हाम्रो जस्तो अर्थ–राजनीतिक समाजमा दुई दशक लामो यात्रा पार गर्नु पक्कै पनि गर्वको विषय हो । यो अवधिमा जसरी नागरिकका एजेण्डासँग एकाकार हुन सक्यौं त्यो नै हाम्रो सफलताको मूख्य खम्बा हो ।

पक्कैपनि मध्यान्हले पार गरेको दुई दशकको अवधि सजिलो थिएन । यो अवधिमा ठूलो राजनीतिक परिवर्तन भएको छ । २०७२ को बिनासकारी महाभूकम्प, भारतीय नाकाबन्दी, शताब्दीकै ठूलो महामारी (कोरोना संक्रमण) जस्ता ठूला संकटहरू खेपेका छौं । तर जस्तोसुकै संकटमा पनि नागरिकको सूचना पाउने अधिकार सुनिश्चित गर्न हामी सदैव प्रतिबद्ध भएका छौं । समाजको बहुलवादी चरित्र, बहुदलीय लोकतन्त्र र संविधानवादको सिद्धान्तलाई अंगीकार गर्दै सीमान्त नागरिकको आवाज उठाउन कहिल्यै पछि हटेका छैनौं । यिनै संकल्पले गर्दा मध्यान्ह राष्ट्रिय दैनिक यहाँसम्म आइपुगेको छ ।


यो यात्रामा तपाई आमपाठक, विज्ञापनदाता, बिक्रेता र शुभेच्छुकहरूको बिर्सन नसक्ने साथ छ । कठिन परिस्थितिमा पनि तपाईहरूकै साथले हामी यहाँसम्म आइपुगेका हौं । आउने दिनमा पनि मध्यान्ह आफ्नो संकल्पमा प्रतिबद्ध रहनेछ, बिगतको विश्वास र भरोसामा किञ्चित कमी हुन दिने छैनौं । अन्त्यमा, फेरि पनि पाठक, विज्ञानदाता, बिक्रेता तथा शुभेच्छुकहरूप्रति हामी अझ बढी जिम्मेवार र इमानका साथ प्रस्तुत हुने प्रण गर्दछौं । धन्यवाद !

**सितादेवी श्रेष्ठ**
प्रकाशक

---

सडकबाट उठेको प्रश्न

# ‘अब अर्को श्रद्धाञ्जली कसका लागि ?’




प्रेमप्रसाद आचार्यले मंगलबार बानेश्वरस्थित संसद भवन अगाडि आफैंलाई आगो लगाएको विषयले सिंगो मुलुकको ध्यान तानेको छ । सडक र सामाजिक सञ्जालबाट समेत नागरिक दबाव बढेपछि बिहीबार सरकारले छानबीन गर्ने निर्णय गरेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ माघ ।

सरकारले इलामका प्रेमप्रसाद आचार्यको आत्मदहबारे छानबीन गर्ने निर्णय गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले गृह मन्त्रालयको नेतृत्वमा छानबीन गर्ने निर्णय गरेको हो ।

‘उहाँले (प्रेमप्रसाद आचार्य) उठान गरेको विषयमा अध्ययन गरेर गृह मन्त्रालयले छानबीन गर्ने निर्णय भएको छ’, बैठकपछि उपप्रधान एवम् गृहमन्त्री रवि लामिछानेले भने । गृहमन्त्री लामिछानेले तत्काल छानबीन अगाडि बढ्ने बताएका छन् ।

मंगलबार बानेश्वरस्थित संसद भवन अगाडि आचार्यले आफैलाई आगो लगाएका थिए । त्यहाँबाट उद्धार गरी आचार्यलाई थप उपचारका लागि कीर्तिपुर अस्पतालमा भर्ना गरिएको थियो । तर जलेर ८० प्रतिशत जलेको आचार्यको बुधबार बिहान निधन भयो । आचार्यको निधन भएपछि सामाजिक सञ्जालदेखि सडक प्रदर्शनमार्फत् नागरिकले सरकारको चर्को विरोध जनाइरहेका छन् ।

सामाजिक सञ्जालमा आचार्यको स्केच बनाएर ‘जलेको म, दलेको सरकार’ भाइरल बनेको छ । बुधबार दिउँसो माइतीघर मण्डलामा प्लेकार्ड सहित युवाहरु प्रदर्शनमै – बाँकी पृष्ठ २ मा

# सतहमा समस्या, गर्भमा कानून !

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ११ माघ ।


प्रतिनिधिसभाले सभामुखसहित प्रतिनिधिसभा नियमावली मस्यौदा समितिका सदस्यहरु सांसदलाई स्वार्थ बाझिने समिति र विषयमाथिको छलफलबाट अलग गर्ने उपाय खोजिरहेका छन् । जबकी कतिपय सांसदहरु स्वार्थ बाझिने मन्त्रालयमा जिम्मेवारीमा पुगिसकेका छन् ।

सभामुख देवराज घिमिरे र प्रतिनिधिसभाको नियमावली मस्यौदा गर्न गठित समिति सदस्यहरु सांसदलाई स्वार्थ बाझिने समिति र विषयमाथिको छलफलबाट अलग गर्ने उपाय खोजिरहेका छन् । गत मंगलबार २१ सदस्यीय समिति सदस्यहरुले अनौपचारिक/औपचारिक छलफल सुरु गरेका छन् ।

प्रतिनिधिसभा नियमावलीमा सम्बोधन गर्नुपर्ने विषय मागिरहेका छन् । दिइएका र टिपोट गरिएका सुझावहरुमा प्रमुख रुपमा उठेको विषय हो- सांसदहरुको स्वार्थ । अर्थात, नियमावली मस्यौदा समिति सांसदलाई स्वार्थ बाझिने समिति र विषयमाथिको छलफलबाट अलग गर्ने उपाय खोज्नमा व्यस्त छन् । जबकी कतिपय सांसदहरु स्वार्थ बाझिने – बाँकी पृष्ठ २ मा

Electronic Visa
eVISA Government of Malaysia
eVISA MALAYSIA

Authorized agent for Visa Processing



Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
T: +977-1-4419871
E: nepal.osc@gmail.com

HARVEST MOON GROUP OF COMPANIES
Harvest Moon Building, Gairidhara-2, Naxal, Kathmandu, Nepal
Tel: +977 1 4415574, 4415526, 4415517, 4415442, 4415420
Email: harvestmoon@mos.com.np, www.harvestmoongroup.com

Hello Travels Contact Number
Aman singh :9818827005, Priyanka siwakoti : 9849139454, Ratina shrestha : 9841212767, Kajol shah: 9808410092

वैदेशिक रोजगार विशेष

# कानून हातमा लिने प्रवृत्तिलाई दण्डित गरिने श्रममन्त्रीको उद्घोष




**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ माघ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलराज अर्यालले कानून हातमा लिने प्रवृत्तिलाई दण्डित गरिने आश्वासन दिएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नवनिर्वाचित कार्यसमितिसँग बुधबार सिंहदरबारस्थित मन्त्रालयको कार्यकक्षमा भएको भेटमा मन्त्री अर्यालले व्यवसायीहरुलाई उक्त आश्वासन दिएका हुन् ।


भेटमा सहभागी संघका प्रथम उपाध्यक्ष डिकबहादुर खत्री (कुमार)ले मन्त्री अर्याललेे खोजी रिक्रुटमेन्ट प्रा.लि.ले मलेसियाबाट उद्धार गरी ल्याइएका कामदारसहित केही युट्युबरहरुले म्यानपावर कम्पनीमा गरेको तोडफोडलगायतका घटनाका विषयमा आफू जानकार रहेको र त्यस विषयमा उप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेसँग छलफल भइसकेको उल्लेख गरेको मध्यान्ह दैनिकलाई जानकारी दिए ।

मन्त्री अर्यालको भनाइ उद्धृत गर्दै प्रथम उपाध्यक्ष खत्रीले भने, ‘संविधान सबैभन्दा माथि छ, त्यसपछि कानून छ, कानून सबैले पालना गर्नुपर्नेमा मन्त्रीज्यूको जोड देखियो । हामीले – बाँकी पृष्ठ २ मा

## ‘युट्युबरको विश्वास गर्दा विवाद लम्बियो’

काठमाडौं/मस- खोजी रिक्रुटमेन्ट प्रा.लि. र मलेसियाबाट उद्धार गरी ल्याइएका १९ जना युवाहरुबीचको विवाद समाधान भएको छ । मलेसियाबाट फर्काइएका युवाहरु केही युट्युबरहरुको साथमा गएर कम्पनीको कार्यालय – बाँकी पृष्ठ २ मा

New Style. New Statement.



The all-new Hyundai Venue combines advanced technology with new-age style. Brace yourself for style that grabs attention with flair. The all-new Venue is all about drive, about style and most importantly making a statement that matches your vibe.



Dark chrome front grille | LED projector headlamps | Connecting LED tail lamps | Wireless phone charger | Puddle lamps | 20.32 cm (8") HD infotainment system

HYUNDAI

6 YEARS FREE SERVICE | 3 YEARS WARRANTY | HYUNDAI परिवार

Laxmi InterContinental Pvt. Ltd.
(An ISO 9001:2015 Certified Company) an entity of Laxmi Group Nepal

Hyundai Call Center No: 01-5970226
Dealership:
Bhaktapur: 01-6635266, 6637147, 9801201104, Naxal: 01-4413934, 4413942, 9801201027, Thapathali: 01-5911553, 5911554, 5911556, 5911457, 5911558, 5911568, 9801201011, Thapathali-EV: 01-5912626, 5913636, 9801201508, Maharajgunj: 01-5911009, 9801201103
Bhairahawa: 071-575428, 9802608803, 9802608801, Bharatpur: 056-522776, 9801353761, 9801353765, Biratnagar: 021-460609, 9802763896, 9802780946, Birgunj: 051-527507, 9801087477, 9801005377, Birtamod: 023-541495, 9802672044, 9802672041, Butwal: 071-415278, 9801943959, Dang: 082-563634, 9801347966, 9801347967, Dhangadi: 091-524492, 9802540105, Hetauda: 057-520200, 9855068578, 9802641989, Itahari: 025-587502, 9802736982, 9802737966, Nepalgunj: 081-550427, 9802546481, 9802546482, Pokhara: 061-537426, 9801201010, 9801240155

VENUE

# गृहमन्त्रीको सुनुवाइ हेर्दाहेर्दैमा

मध्यान्ह संवाददाता
काठमाडौं, १२ माघ ।

उपप्रधान एवम् गृहमन्त्री रवि लामिछानेको नागरिकता विवादबारे परेको रिटमाथि बुधबार दिनभर सुनुवाइ भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति समेत रहेका लामिछानेको नागरिकता विवादबारे संवैधानिक इजलासमा सुनुवाइ भइरेको छ । तर पक्ष र विपक्षका वकिलहरुको बहस बुधबार सकिएन ।

बहस नसकिएपछि शुक्रबार अर्को सुनुवाइ तोकिएको छ। त्यसदिन गृहमन्त्री लामिछानेको पक्षमा रहेका वकिलहरुले जवाफी बहस समेत गर्नेछन् । बुधबार सर्वोच्च अदालतका कायममुकाम प्रधानन्यायाधीश हरिकृष्ण कार्की, न्यायाधीशहरु विश्वम्भर श्रेष्ठ, ईश्वर खतिवडा, आनन्दमोहन भट्टराई र अनिल सिन्हको इजलासमा सुनुवाइ भएको थियो ।



फाइल फोटो

सुनुवाइका क्रममा अमेरिकी नागरिकता त्यागिसकेकाले लामिछानेमाथि लगाइएको आरोपको बचाऊ गरेका थिए। लामिछानेले २०७२ मा नेपाल आएपछि अमेरिकी नागरिकता त्यागेर नेपाली नागरिकता सक्रि बनाएको उनीहरुको तर्क छ । तर रिट पक्षका वकिलहरुले भने लामिछानेसँग नेपाली नागरिकता र भिषाको वैधानिकता नरहेको जिकिर गरेका छन् ।

गत ७ असारमा रास्वपा घोषणा गर्दै चितवन-२ बाट उम्मेद्वार बनेपछि लामिछानेको नागरिकतामाथि मुद्दा दायर भएको थियो । तर उक्त रिटमाथि निर्णय नआउँदै लामिछानेले चुनाव जितेका थिए । उनको दल रास्वपाले प्रतिनिधिसभामा २० सिट जितेपछि लामिछाने उपप्रधान एवम् गृहमन्त्री छन् ।

# बिक्रीस्थलमा सुर्तीजन्य पदार्थको विज्ञापन गर्न नपाइने

**काठमाडौं /मस-** सरकारले सुर्तीजन्य कम्पनीलाई बिक्री स्थलमा सुर्तीजन्य पदार्थको विज्ञापन बन्द गर्न निर्देशन दिएको छ । राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका निर्देशक सुनीलराज शर्माले सुर्तीजन्य कम्पनीले आफ्नो कम्पनीको चुरोट, सुर्तीको दररेटसहित विज्ञापन गरेको पाइएकाले बन्द गर्न निर्देशन दिएको जानकारी दिए ।

उनले कम्पनीले खुद्रा किराना पसल, होलसेल किराना पसललगायत अन्य पसलको बिक्रीस्थलमा आफ्नो कम्पनीको नाम र दररेटसहित चुरोट, गुट्खा र बिँडीको मूल्यसूची राखेर विज्ञापन गरेको पाइएकाले बन्द गर्न निर्देशन दिएको बताए। उनले सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा १०, सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन निर्देशिका, २०७१ को दफा ४० र दफा ४१ तथा जनस्वास्थ्य ऐन, २०७५ को दफा ४५ विपरीत ती कम्पनीले पसल अगाडि चुरोट, गुटखा र बिँडीको नाम र मूल्यसहित पोस्टर टाँस गरेको पाइएकाले रोक्न निर्देशन दिएको बताए ।

## सडकबाट...

निस्केका थिए । ती प्रदर्शनकारीले सडक अवरुद्ध गरी धर्ना बसेका थिए । शरीरमा आगो लगाउनु अगाडि आचार्यले सामाजिक सञ्जालमा लेखेको स्टाटसलाई लिएर नागरिक आक्रोश देखिएको छ । इलाम सूर्योदयका आचार्यले आफूले आत्मदह गर्नुको पृष्ठभूमिबारे सामाजिक सञ्जालमा लेखेका थिए ।

उद्यम क्षेत्रमा भविष्य बनाउन चाहेपनि सरकारी नीति, संयन्त्र र ठूला व्यावसायीले दिएको प्रताडनाले असफल बनेको आचार्यले उल्लेख गरेका छन् । इलामबाट काठमाडौं र काठमाडौंबाट वैदेशिक रोजगार हुँदै फेरि इलाम फर्किएर साना व्यवसाय गर्दा ठूलो ऋणमा परेको आचार्यले लेखेका छन् । ठूला व्यवसायीहरुको नामै उल्लेख गरेर आचार्यले सरकारलाई १६ बुँदे सुझाव समेत स्टाटसमा लेखेका छन् ।

ऋणकै कारणले डिप्रेषणमा गएको स्वीकार गर्दै आचार्यले आफूले गरेको आत्मदहलाई विद्रोहको संज्ञा दिएका छन् । आचार्यले उल्लेख गरेको आत्मदहको पृष्ठभूमि र सरकारसँग राखेको मागलाई लिएर सामाजिक सञ्जालदेखि सडकसम्म नागरिक आक्रोश देखिएको छ ।

## सतहमा...

मन्त्रालयमा जिम्मेवारीमा पुगिसकेका छन् । निर्माण सम्बन्धी धेरै काम हुनेमध्येको सहरी विकास मन्त्रालयमा ठेकेदार विक्रम पाण्डेलाई मन्त्री बनाइएको छ भने वैदेशिक रोजगारीलाई नियमन तथा व्यवस्थित गर्ने जिम्मेवारी भएको श्रम मन्त्रालय म्यानपावर एजेन्ट डोरप्रसाद अर्याललाई सुम्पिइएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले स्वार्थको द्वन्द्व हुने गरी गृह मन्त्रालयको जिम्मेवारीमा छन् । लामिछानेको नागरिकता सम्बन्धी विवाद मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ। उनी मातहतको नेपाल प्रहरीले पनि उनको नागरिकताको विषयमा अनुसन्धान जारी राखेको प्रष्ट हुँदाहुँदै लामिछाने तालुक मन्त्रालयको नेतृत्व गर्न गएका हुन् ।

तर, सभामुख र नियमावली मस्यौदा समिति सदस्यहरुलाई स्वमं सांसदहरु र जानकारहरु सांसदहरुलाई सुरुमै स्वार्थ बाझिने विषयगत समिति, छलफल र मन्त्री हुन रोक्नुपर्ने सुझाव दिइरहेका छन् ।

प्राप्त सुझावका आधारमा प्रतिनिधिसभाको संसदीय समितिमा स्वार्थ बाझिने सांसदहरुलाई रोक्ने तयारी भएको अधिकारीहरु बताउँछन् । मन्त्रीको विषयमा के गर्ने भनेर टुंगो लागेको छैन् । तर, राजनीतिक दलहरुको परामर्शका आधारमा संसदीय समितिमा भने रोक्ने तयारी भएको हो । विगतमा स्वार्थ बाझिने सांसदहरु नै समितिको सदस्यका रुपमा सहभागी हुन्थे । यो विषयमा धेरै पटक प्रश्न उठेकाले स्वार्थ बाझिने गरी सांसदहरुलाई संसदीय समितिमा नराख्ने नीतिगत व्यवस्था गर्न लागिएको हो ।

विगतमा निजी विद्यालयमा लगानी गरेका सासद शिक्षा समितिमा, बैंक सञ्चालक सांसदहरु अर्थ समितिको सदस्य बनेका थिए । जसले गर्दा नीति निर्माणमै उनीहरुले आफ्नो स्वार्थ पूरा हुने गरी हस्तक्षेप गरिरहेको भन्दै प्रश्न उठेको थियो।

प्रतिनिधिसभा नियमावली २०७५ को नियम १९१ मा सांसदले छलफल र निर्णयमा भाग लिन नहुने सम्बन्धी व्यवस्था छ । जहाँ भनिएको छ, 'कुनै समितिको विचाराधीन विषयसँग कुनै सदस्यको व्यक्तिगत स्वार्थ गाँसिएको भए सो विषयको छलफल र निर्णयमा भाग लिन हुँदैन ।'

प्रतिनिधिसभा नियमावलीको नियम २१६ मा सांसदहरुले पालना गर्नुपर्ने आचारसंहिता छ। यहाँ पनि सांसदले निजी स्वार्थ र सार्वजनिक स्वार्थका बीच द्वन्द्व हुने स्थिति भएमा स्पष्ट रुपमा सार्वजनिक स्वार्थका लागि उभिने, बैठकका कुनै काम कारबाहीमा व्यक्तिगत हितमा आर्थिक फाइदा वा शुल्क, पारिश्रमिक वा पारितोषिक लिई बोल्ने, मतदान गर्ने वा भाग लिने काम गर्न नपाइने उल्लेख छ । तर, विगतमा यस व्यवस्थाको प्रभावकारी कार्यान्वयन नभएको भनेर प्रश्न उठिरहेका बेला प्रचलित व्यवस्थालाई थप कसिलो बनाउन लागिएको हो ।

## कानून...

वैदेशिक रोजगार व्यवसाय सुधारका लागि सेवा शुल्क परिमार्जन, संख्या सय समस्या समाधानको विषय उठायौं, त्यसमा छिट्टै केही निर्णय हुने गम्भीरता देखा परेको छ।'

भेटमा मन्त्री अर्यालले वैदेशिक रोजगार व्यवसायीहरुका तर्फबाट भइरहेका कमी कमजोरी पनि सुध्रिनुपर्ने भनाइ राखेका थिए ।

संघ अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा गएको प्रतिनिधिमण्डलमा संघ कार्यसमितिका नवनिर्वाचित पदाधिकारी तथा सदस्य र प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालमा आवद्ध व्यवसायीहरु सहभागी थिए ।

## "युट्युबरको...

तोडफोड गरेपछि विवाद महानगरीय प्रहरी परिसर ललितपुर जावलाखेल हुँदै वैदेशिक रोजगार विभाग पुगेको थियो ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ पदाधिकारीहरुको पहलमा बुधबार फर्किएका कामदार, म्यानपावर कम्पनी सञ्चालकबीच दिनभर छलफल भएपछि साँझ पीडितहरुलाई उनीहरुको वास्तविक लागत क्षतिपूर्ति स्वरुप प्रदान गरिएको थियो । रकम पाएका युवाहरुले आफूहरु कम्पनीसँग अनावश्यक विवादमा उत्रिन नचाहेको भए पनि केही युट्युबरहरुको भनाइको विश्वासमा पर्दा विवाद लम्बिएको बताए। उक्त कम्पनीले मलेसियाबाट उद्धार गरी ल्याएका केही युवाहरुले कम्पनीमा काम गर्दाको ओभरटाइम बापतको रकम नपाएको भन्दै मंगलबार दिउँसो म्यानपावर कम्पनीको कार्यालयमा क्यामरासहित नाराबाजी गर्दै प्रवेश गरेपछि तनावको अवस्था उत्पन्न भएको थियो ।

संघ, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, गणतान्त्रिक वैदेशिक रोजगार व्यवसायी मञ्चलगायतका संगठनको आह्वान तथा स्वतस्फूर्तरुपमा करिब पाँच सय व्यवसायी बुधबार दिनभर वैदेशिक रोजगार विभागमा उपस्थित भएका थिए। उनीहरुले कानूनअनुसार इजाजत प्राप्त वैदेशिक रोजगार व्यवसायीले वैदेशिक रोजगार ऐन तथा वैदेशिक रोजगार नियमावली अन्तर्गत रहेर भयरहित वातावरणमा काम गर्ने अवस्थाको सरकारका तर्फबाट ग्यारेन्टी गरिनुपर्ने माग गरेका छन् ।

**मलेसियामा रोजगार ।**

कम्पनी: METRO SECURITY SERVICES SDN BH
शहर: BANSAR

पूर्व स्वीकृत मितिः २०७९/०५/२७ | चलानी नं.: ६०१८७४५९ | L.T. No.: 271615 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | Security Guard | 2 | 0 | स. काममा दक्ष | 1500 | ४५,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १९ गते (2 February 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ADVANCED MANAGEMENT CONSULTANTS
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074/075
TOP1 (FY 2020-2021) TOP 11 (FY2021-2022) ISO 9001:2015

एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.
Samakhushi-26, Kathmandu, Nepal ☎ 01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np
Talk with AMC Representative 9801080183, 9801029663, 9801044493, 9801080059, 9801044492, 9817002440

**मदन भण्डारी राजमार्ग योजना कार्यालय, दमकको जनहितमा जारी सन्देश**

- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इतयादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सडक तथा सडक पेटीमा आफ्ना निर्माणजन्य सामग्री, व्यापारिक तथा व्यवसायिक सामग्री नराखौं ।
- सडकपेटी अतिक्रमण नगरौं ।
- सडक तथा सार्वजनिक स्थलमा सूर्तिजन्य पदार्थ सेवन नगरौं ।
- विकास निर्माण कार्यमा तपाई/हामीले अनावश्यक अवरोध नगरौं ।
- सडकपेटी किनारामा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- सडकपेटी किनारामा जथाभावी निर्माण सामाग्री नराखौं ।
- सडकपेटी जथाभावी व्यापार/व्यवसाय नगरौं ।
- सडक निर्माण तथा संरक्षण कार्यमा सहयोग गरौं ।
- मोटरेवल पुलहरुको संरक्षणमा सबैले ध्यान पुराऔं । पुलहरुमा कसैले क्षति पऱ्याउन लागेमा स्थानीय सरोकारवाला वा पूर्वाधार विकास कार्यमा खबर गरौं ।

**मदन भण्डारी राजमार्ग योजना कार्यालय**
दमक, झापा

**गेरुवा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
पशुपतिनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक सुचना प्रकाशित मिति :- २०७९/१०/१२**

गेरुवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले पशुपतिनगर बर्दियाले आह्वान गरेको तपशिलका ठेक्काहरुको मुल्यांकन गर्दा यस कार्यालयको तपशिलको मितिको निर्णय अनुसार तपशिलका बोलपत्रदाताहरुले पेश गरेको वोलपत्र न्यूनतम मुल्यांकीत सारभूत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१ को उपनियम (६) बमोजिम सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्रसं | ठेक्का नं | आयोजनाको नाम | सारभूत रुपमा प्रभावग्राही दरभाउपत्रदाताको नाम, ठेगाना | निर्णय मिति | कबोल अंक रु. (भ्याट, डिस्काउन्ट तथा पि.एस समेत) |
|---|---|---|---|---|---|
| १. | W/GRM/NCB/01/2079-080 | Construction of Blacktop Road From Thapa Rice Mill-Khopkendra-Mainapokher | Hamal Mark J/V Gulariya Bardiya | २०७९।१०।०३ | ४,५२,९१,८८६।६४ (चार करोड बाउन्न लाख एकानब्वे हजार आठ सय छियासी रुपैया र पैसा चौसट्ठि मात्र |
| २ | W/GRM/NCB/02/2079-080 | Pathariya Ring Road Dekhi Haripur Hudi Chainpur Jane Sadak Kalopatre | Nirajan Samip Joint Venture Tikapur 1 Kailali | २०७९।१०।०४ | १,९९,५३,१११।०९ (एक करोड उनान्सय लाख त्रिपन्न हजार एक सय एघार रुपैया र पैसा नौ मात्र) |
| ३ | W/GRM/NCB/03/2079-080 | Pathariya Patwaripur Kateshpur Sadak Kalopatre | Laxmipuja Nirman Tatha Material Suppliers Ghorai-16-Dang | २०७९।१०।०४ | २,१५,२०,७८६।३० (दुई करोड पन्ध्र लाख बिस हजार सात सय छियासी रुपैया र पैसा तिस मात्र) |
| ४ | W/GRM/NCB/05/2079-080 | Pathariya Dekhi Bindra Jane Ra Prasenipur Chowk Dekhi Ward Karlaya Jane Sadak Kalopatre | JayabageshworiNnirman Sewa Guleriya 04 Bardiya | २०७९।१०।०६ | १,७१,९७,३९५।१७ (एक करोड एकहत्तर लाख सन्तानब्बे हजार तिन सय पन्चानब्बे रुपैया र पैसा सत्र मात्र) |
| ५ | W/GRM/NCB/06/2079-080 | Kanpur Chowk Dekhi Rajipur Ra Jhundi School Dekhi Janta Ma Bi Gola Jane Sadak Kalopatre | JayabageshworiNnirman Sewa Guleriya 04 Bardiya | २०७९।१०।०७ | १,७९,१८,३३६।७१ (एक करोड उनासी लाख अठार हजार तिन सय छत्तिस रुपैया र पैसा एकहत्तर मात्र) |
| ६ | W/GRM/NCB/07/2079-080 | Ek Priya Ma Bi Hudi Bhairapur ra Shantibazar Dekhi Loharpur Jane Sadak Kalopatre | Laxmipuja Nirman Tatha Material Suppliers Ghorai-16-Dang | २०७९।१०।०८ | १,७३,२५,०८२।१३ (एक करोड त्रिहत्तर लाख पच्चिस हजार बयासी रुपैया र पैसा तेह्र मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

**मर्स्याङ्दी गाउँपालिकाको**
**जनहितमा जारी सन्देश**

१. बाल विवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० बर्ष पछि मात्र गरौं/गराउन पहल गरौं ।
२. सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
३. निर्माण सामाग्री र चौपाया सार्वजनिक राजमार्गमा नराखौं/नछौढौं ।
४. सार्वजनिक जग्गामा घर टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
५. कर तिर्नु सबै नागरिकको कर्तव्य हो । "कर तिरौं सभ्य नागरिकको परिचय दिऊँ" ।
६. सार्वजनिक स्थलमा धुम्रपान, मद्यपान नगरौं/नगराऊँ ।
७. हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गराऊँ ।
८. लैङ्गिक हिंसा विरुद्धको आवाज बुलन्द पारौं र त्यसको अन्त्य गरौं ।
९. वैदेशिक रोजगारिमा जाँदा आवश्यक सूचना प्राप्त गरेर मात्र जाऊँ ।
१०. वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रुपमा स्वास्थ्य पक्षिण गराऊँ ।
११. अपरिचित व्यक्तिले दिएका खानेकुरा नखाऊँ/खान नदिऊँ ।
१२. सद्भाव, भाइचारा, सहिष्णुता र स्वच्छ नैतिक सामाजिक सम्बन्धको विकासमा ध्यान दिऊँ ।
१३. ध्वनी प्रदुषणलाई नियन्त्रण गरौं कसैलाई पनि असर नपर्ने हिसाबबाट ध्वनी सन्तुलन कायम गरौं ।

**खोटेहाङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, खोटाङ**
**सूचना सूचना सूचना**

१. बाल विवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० बर्ष पछि मात्र गरौं/गराउन पहल गरौं ।
२. सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
३. निर्माण सामाग्री र चौपाया सार्वजनिक राजमार्गमा नराखौं/नछौढौं ।
४. सार्वजनिक जग्गामा घर टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
५. कर तिर्नु सबै नागरिकको कर्तव्य हो । "कर तिरौं सभ्य नागरिकको परिचय दिऊँ" ।
६. व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततीको भविष्य सुनिश्चित गरौं ।
७. अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचय-पत्र समयमै लियौं अधिकारको पुर्ण उपभोग गरौं ।
८. खुल्ला ठाउँमा दिसा पिसाब नगरौं र खुल्ला दिसा पिसाब मुक्त नगर अभियानमा सहयोग गरौं ।
९. साबुन पानीले हात धुने बानी बसालौं र अरुलाई पनि सिकाऔं ।
१०. कुपोषण न्युनिकरण गर्न "हरेक बार खाना चार" लाई प्रर्वधन गरौं ।
११. सार्वजनिक स्थलमा धुम्रपान, मद्यपान नगरौं/नगराऊँ ।
१२. हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गराऊँ ।
१३. लैङ्गिक हिंसा विरुद्धको आवाज बुलन्द पारौं र त्यसको अन्त्य गरौं ।
१४. वैदेशिक रोजगारिमा जाँदा आवश्यक सूचना प्राप्त गरेर मात्र जाऊँ ।
१५. वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रुपमा स्वास्थ्य पक्षिण गराऊँ ।

# बाजुरा भूकम्प: ५८ घरमा क्षति

**बाजुरा/मस**-जिल्लाको हिमाली गाउँपालिकाको विच्छ्या केन्द्र विन्दु बनाएर मंगलबार आएको ५.० ९ रेक्टर स्केलको भूकम्पले ५८ घरमा क्षति पुगेको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार सरकारी, निजीमा आंशिक र पूर्ण क्षति भएको छ । मंगलबार अपराह्न २:४३ बजे आएको भूकम्पका कारण जिल्लाका विभिन्न ठाउँमा जनधनको क्षति भएको छ । भूकम्पका कारण जिल्ला सरकारी कार्यालयका भवन चर्किएका छन् । स्थानीयका कतै घर चर्केका छन्, कतै पर्खाल भत्किएका छन् । ढुंगा र माटोबाट बनेका घर चर्केर भित्र बस्न नमिल्ने भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सूर्य थापाले जानकारी दिए ।

उनले भूकम्प आएपछि मातहतका इलाका प्रहरी र प्रहरी चौकीमा कार्यरत सुरक्षाकर्मीलाई गाउँ-गाउँमा क्षतिको विवरण संकलन गर्न पठाउँदा अहिलेसम्म सरकारी र स्थानीयका गरी ५८ घरमा क्षति पुगेको तथ्यांक संकलन भएको बताए । भूकम्पका कारण वनमा घाँस काट्न गएकी एक महिलाको घटनास्थलमै मृत्यु भएको छ । भूकम्पका कारण गौमूल गाउँपालिका-२ जुरेलीकी ३२ वर्षीया जमुना रोकायाको भूकम्पले हल्लाएर भिरबाट ढुङ्गा खसेर टाउकामा लागेपछि घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

भूकम्पका कारण जिल्लामा तीनजना घाइते भएका छन् । घाइते भएका तीनैजनाको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको प्रहरीले जनाएको छ । घाइते हुनेमा गौमूल-१ अम्लिका अन्दाजी ४५ वर्षीय राजदल बोहरा, बडिमालिका नगरपालिका-२ की चन्द्रा महत र हुम्ला जिल्ला घर भई हिमाली-६ दिदीको घरमा आएकी १६ वर्षीया सरिता नेपाली रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक थापाले बताए । बोहराको अम्लिस स्वास्थ्य संस्थामा र नेपालीको कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ । महतलाई उपचारपछि घर पठाइएको प्रहरीले जनाएको छ । वनमा चराउन लगिएका ५० भेडा चट्टान फुटेपछि च्यापिएर मरेका छन् । गौमूल-१ अम्लिसका राजदल बोहराका ५० भेडा भिरको चट्टान भूकम्पले फुटेर चरिरहेका भेडा च्यापिएर मरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

शिबराज नगरपालिकाको
सूचना सूचना सूचना
१. सार्वजनिक स्थलमा धुम्रपान, मद्यपान नगरौं/नगराऊँ ।
२. हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गराऊँ ।
३. वैदेशिक रोजगारीमा जाँदा आवश्यक सूचना प्राप्त गरेर मात्र जाऊँ ।
४. वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रुपमा स्वास्थ्य पक्षिण गराऊँ ।
५. अपरिचित व्यक्तिले दिएका खानेकुरा नखाऊँ/खान नदिऊँ ।
६. सद्भाव, भाइचारा, सहिष्णुता र स्वच्छ नैतिक सामाजिक सम्बन्धको विकासमा ध्यान दिऊँ ।

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २० औं वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
महेन्द्र महतो, नगर प्रमुख
सुनीता सिंह बुढाथोकी, उप- प्रमुख
मिथिला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

थप सफलताको हार्दिक शुभकामना
आज श्रीपञ्चमीका दिनबाट मध्यान्ह राष्ट्रिय दैनिक आफ्नो प्रकाशनको बिसौं वर्ष पार गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा मध्यान्ह राष्ट्रिय दैनिक परिवारलाई हार्दिक बधाई ज्ञापन गर्दछौं । यस पत्रिकाले विगतमा झैं भविष्यमा पनि निरन्तर श्रमिक र विशेष गरी खाडीमा कार्यरत न्यूनतम आय भएका श्रमिकका पक्षमा थप स्थान दिंदै आवाजलाई बुलन्द बनाउने छ भन्ने आशा, भरोसा र विश्वास व्यक्त गर्दै नेपाली पत्रकारिता जगतमा थप सफलताको शुभकामना व्यक्त गर्दछु ।
महेन्द्र चम्लागाई
अध्यक्ष, तथा
NBAQ
Nepal Business Association Qatar LLC(G)
नेपाली व्यवसायी संघ कतार
DOHA - QATAR
नेपाली व्यवसायी सघं कतार, परिवार

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २० औं वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रामजानकी यादव, अध्यक्ष
वन्दना पाण्डेय, उपाध्यक्ष
शम्भु ठाकुर, प्रमुख प्रशासकीय अधिकृत
पिपरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मधेश प्रदेश,नेपाल

हार्दिक बधाई तथा शुभकामना
२० औं वार्षिकोत्सव
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २० औं वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रत्ननगर नगरपालिकाको जनहितमा जारी सन्देश
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
प्रलाद सापकोटो, नगर प्रमुख
छविलाल सुवेदी, प्रमुख प्रशासकीय अधिकृत
यादव प्रसाद पाठक, उप-प्रमुख
रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चितवन, बागमती प्रदेश

नरहरिनाथ गाउँपालिका
गाउँ कार्यपालिकाकोकार्यालय
कुमालगाउँ, कालिकोट कर्णाली प्रदेश,नेपाल
नरहरिनाथ गाउँपालिकाको जनहितमा जारी सन्देश
रेबिज रोगको लक्षण
- पानी र हावादेखि डराउने,
- अत्याधिक उत्तेजित व्यवहार गर्ने,
- घाउ भएको स्थानमा दुख्ने,
- ज्वरो आउने,
रेबिजबाट बच्ने उपाय
- घरपालुवा जनावरलाई रेबिज विरूद्धको सुइ लगाउने,
- सामुदायीक कुकुरलाई नजिस्काउने,
- कुनै पनि शंकास्पद जनावरको सम्पर्कमा आएपनि वा त्यसले टोकेमा तुरुन्त विशेषज्ञ चिकित्साको परामर्श तथा उपचार लिने ।
जनहितमा जारी सन्देश
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर गाउँपालिकामा बुझाउने गरौं ।
- गाउँपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, गाउँपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं ।
- कर समयमै तिरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
नगेन्द्र बहादुर बिष्ट, अध्यक्ष
कमल कुमार शाह, उपाध्यक्ष
भलाराम पंगाली, प्रमुख प्रशासकिय अधिकृत

चिङ्गाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अवलचिङ्ग, सुर्खेत, कर्णाली प्रदेश, नेपाल
चिङ्गाड गाउँपालिकाको जनहितमा जारी सन्देश
रेबिज रोगको लक्षण
- पानी र हावादेखि डराउने,
- अत्याधिक उत्तेजित व्यवहार गर्ने,
- घाउ भएको स्थानमा दुख्ने,
- ज्वरो आउने,
रेबिजबाट बच्ने उपाय
- घरपालुवा जनावरलाई रेबिज विरूद्धको सुइ लगाउने,
- सामुदायीक कुकुरलाई नजिस्काउने,
- कुनै पनि शंकास्पद जनावरको सम्पर्कमा आएपनि वा त्यसले टोकेमा तुरुन्त विशेषज्ञ चिकित्साको परामर्श तथा उपचार लिने ।
जनहितमा जारी सन्देश
- घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा नगरपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर गाउँपालिकामा बुझाउने गरौं ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
बोध विक्रम जि.सी, अध्यक्ष
मिना कुमारी रोकाया, उपाध्यक्ष
जनक बहादुर हमाल, प्रमुख प्रशासकिय अधिकृत

हार्दिक शुभकामना
आज माघ १२ गते बिहीबार श्रीपञ्चमीका दिनबाट मध्यान्ह राष्ट्रिय दैनिक आफ्नो प्रकाशनको २० औं वर्ष पार गरी २१ औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा मध्यान्ह राष्ट्रिय दैनिक परिवारलाई हार्दिक बधाई ज्ञापन गर्दछौं । यस पत्रिकाले विगतमा झैं भविष्यमा पनि श्रमिक र विशेष गरी खाडीमा कार्यरत न्यूनतम आय भएका श्रमिकका अधिकार रक्षाका लागि अझै सशक्त स्थान दिंदै आवाज बुलन्द बनाउने छ भन्ने आशा, भरोसा र विश्वास व्यक्त गर्दै थप सफलताको शुभकामना व्यक्त गर्दछु ।

बुद्दु पाण्डे
अध्यक्ष, तथा
लुम्बिनी प्रदेश समन्वय परिषद् कतार
परिवार

थप सफलताको हार्दिक शुभकामना
आज माघ १२ गते बिहीबार श्रीपञ्चमीका दिनबाट मध्यान्ह राष्ट्रिय दैनिक आफ्नो प्रकाशनको २० औं वर्ष पार गरी २१ औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा मध्यान्ह राष्ट्रिय दैनिक परिवारलाई हार्दिक बधाई ज्ञापन गर्दछौं । यस पत्रिकाले विगतमा झैं भविष्यमा पनि श्रमिक र विशेष गरी खाडीमा कार्यरत न्यूनतम आय भएका श्रमिकका अधिकार रक्षाका लागि अझै सशक्त स्थान दिंदै आवाज बुलन्द बनाउने छ भन्ने आशा, भरोसा र विश्वास व्यक्त गर्दै थप सफलताको शुभकामना व्यक्त गर्दछु ।

राकेश श्रेष्ठ
अध्यक्ष, तथा
गण्डकी प्रदेश समन्वय परिषद् कतार
परिवार

हार्दिक शुभकामना
यही माघ १२ गते बिहीबार श्रीपञ्चमीका दिन मध्यान्ह राष्ट्रिय दैनिक आफ्नो प्रकाशनको २० औं वर्ष पार गरी २१ औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा मध्यान्ह राष्ट्रिय दैनिक परिवारलाई हार्दिक बधाई ज्ञापन गर्दछौं । यस पत्रिकाले भविष्यमा श्रमिक र विशेष गरी खाडीका न्यूनतम आय भएका श्रमिकका बारेमा अझै सशक्त स्थान दिनेछ भन्ने आशा भरोसा व्यक्त गर्दै थप सफलताको शुभकामना व्यक्त गर्दछु ।

मोहम्मद मुक्तदा मुसलमान
अध्यक्ष, तथा
गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतार
परिवार

मध्यान्ह
www.madhyanhadaily.com
१२ माघ २०७९, बिहीबार
26 January 2023, Thursday

सम्पादकीय

## खतराको घण्टी

इलामका प्रेमप्रसाद आचार्यले आत्मदह गरेको विषयले सिंगो मुलुकको ध्यान तानेको छ । बानेश्वर स्थित संसद् भवन अगाडि मंगलबार आचार्यले आफ्नै शरीरमा आगो लगाएका थिए । आचार्यलाई उद्धार गरी कीर्तिपुर अस्पताल भर्ना गरिएको थियो । तर उपचारका क्रममा बुधबार बिहान उनको निधन भयो । आचार्यले शरीरमा आगो लगाउनु अगाडि सामाजिक सञ्जालमा लेखेको स्टाटसले मुलुक तरंगित बन्न पुगेको हो । आचार्यले आफूमा डिप्रेसनको समस्या देखिएको उल्लेख गर्दै त्यसको कारण समेत वर्णन् गरेका थिए । इलामबाट ठूलो सपना बोकेर काठमाडौं, काठमाडौंदेखि रोजगारीको शिलशिलामा विदेश, स्वदेशबाट फर्केर इलाममा व्यवसाय गर्दासम्म भोग्नुपरेको लामो पीडा उल्लेख गरेका छन् । उनको उद्देश्य सफल ब्यावसायी बन्न चाहेको लुक्दैन ।

तर सरकारी निकाय, राजनीतिक नेतृत्व, ठूला व्यवसायी र सरकारी नीतिका कारणले सफल हुन नसकेको मृत्यु अगाडि लेखेका छन् । विशेषगरी साना र मध्यम व्यवसाय सञ्चालनमा कठिनाइ हुने परिस्थिति र नीतिकै कारणले आफूले मृत्युको बाटो रोज्नुपरेको उल्लेख गरेका छन् । सरकारी निकायबाट हुने करको बोझ र ठूला व्यवसायीहरूको अन्यायकै कारणले ऋण बढेर गएकाले मृत्युको प्रयत्न बिगतबाटै गर्दै आएको पनि खुलाएका छन् । तर यसपटकको मृत्युलाई आचार्यले विद्रोहको संज्ञा दिए । आगोले शरीरका ८० प्रतिशत भाग जलेकाले उनलाई बचाउन नसकिएको उपचारमा संलग्न चिकित्सकले जनाएका छन् । आचार्यको निधनपछि उनलाई सहानुभूति दिनेदेखि ऐकेबद्धतामा प्रदर्शन गर्ने समेतका गतिविधि देखिएको छ ।

यी सबै घटनाक्रममा आचार्यले मृत्युको बाटो रोज्नु गलत भएकोमा ठूलो समर्थन देखिन्छ । तर आचार्यले उठाएको एजेण्डाप्रति सहमति जनाउने संख्या धेरै छ । विशेषगरी गरिखाने वर्गप्रति राज्यले उचित बातावरण बनाउन नसकेको आचार्यको निष्कर्षमा आम ऐकेबद्धता देखिन्छ । मुलुकको अहिलेको अवस्था हेर्दा असहमत हुने ठाउँ समेत देखिदैन । अहिले पनि मुलुकमा २० प्रतिशत अथवा ५० लाख नागरिक निरपेक्ष गरिबीको रेखामुनि छन् । रोजगारीको खोजीमा वैदेशिक रोजगारीमा जाने युवाहरूको संख्या यही हाराहारी छ । वर्तमान बजार र व्यवसाय गर्ने वातावरणको प्रकृति हेर्दा केही गर्न चाहनेहरूका निम्ति राम्रो वातावरण छैन । तसर्थ आचार्यले उठाएको प्रश्न र लिएको निर्णयप्रति राज्य गम्भीर बन्न आवश्यक छ । पीडा हुँदैमा मृत्युको बाटो रोज्ने निर्णयलाई कहिल्यै समर्थन गर्न सकिन्न । तर उनले उठाएको एजेण्डा भने मुलुककै निम्ति खतराको घण्टी बन्न सक्छ, यसतर्फ सचेत हुन आवश्यक छ ।

# सरकारका नीति तथा प्राथमिकता

अग्रलेख



● ईश्वरीप्रसाद पोखरेल



देशमा संघ, प्रदेश र स्थानीय तहमा गरी ७६१ सरकार छन् । प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्री, प्रदेशमन्त्री तथा जिल्ला समन्वयका प्रमुख तथा सदस्यहरु र स्थानीय तहका कार्यकारी प्रमुखहरुको राजनीतिक व्यवस्था छ । १३ वटा संवैधानिक आयोगहरु छन् । संघ तथा प्रदेशमा गरी सयभन्दा बढी मन्त्रालय र पाँच हजारका हाराहारीमा प्रशासनिक संरचना छन् । सत्ताभित्र र बाहिर गरी सयकै हाराहारीमा राजनीतिक दल र तिनका नेताहरु छन् । स्थायी सरकार भनिने ७६१ सरकारका हजारौं, लाखौं संख्याका प्रशासक तथा विषय क्षेत्रका विज्ञहरु छन् । मुलुकको विकास र समृद्धिका लागि नीति निर्माण गर्न राष्ट्रिय सभा, प्रतिनिधि सभा, प्रदेश सभा गरी नौ वटा जनप्रतिनिधिमूलक संस्था छन् । ती सभाका ८३४ सांसदहरुको व्यवस्था छ । ७७ जिल्ला समन्वय समितिमा राजनैतिक हैसियतका पदाधिकारीहरुमात्र ६९३ जना छन् । ७५३ स्थानीय तहमा प्रमुख र उपप्रमुखहरु गरी एक हजार ५०६ जनाले काम गरिरहेका छन् । तर, संविधान जारी भएको विगत छ वर्षमा जनशक्ति विकास योजना र मुलुक रुपान्तरणका सन्दर्भमा यी निकायहरुले के-के प्रगति गरे ? समीक्षा र विश्लेषण आवश्यक भएको छ । संविधानका नीति तथा जनशक्ति विकासका प्रतिबद्धताहरुको अध्ययन गरौं ।

**संवैधानिक नीतिहरू**

क) राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षासम्बन्धी नीति,
ख) राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीति,
ग) सामाजिक तथा शासन व्यवस्थासम्बन्धी नीति,
घ) अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीति,
ङ) कृषि र भूमिसुधारसम्बन्धी नीति,
च) विकाससम्बन्धी नीति,
छ) प्राकृतिक साधन स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोगसम्बन्धी नीति,
ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति,
झ) श्रम र रोजगारसम्बन्धी नीति,
ञ) सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति,
ट) न्याय र दण्ड व्यवस्थासम्बन्धी नीति ।

माथिका ११ वटा नीतिभित्र मानव सक्षमता विकासका पक्षमा देहायका प्रतिबद्धता गरिएको छ :

क) राष्ट्रिय आवश्यकताअनुरुप नागरिकलाई राष्ट्रको सेवा गर्न सक्षम बनाउने ।
ख) सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने ।
ग) सामाजिक, सांस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्द्धन र परिचालन गरी स्थानीय जनसहभागिता अभिवृद्धि गर्दै सामुदायिक विकास गर्ने ।
घ) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने ।
ङ) उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने ।
च) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधनस्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने ।
छ) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलनसमेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने ।
ज) भूमिको व्यवस्थापन र कृषिको व्यावसायीकरण, औद्यौगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने ।
झ) विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने, वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरुको संरक्षण गर्ने । जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदैं जलस्रोतको बहुउपयोगी विकास गर्ने, औद्योगिक र भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पन्क्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन र दिगो उपयोग गर्ने ।
ञ) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम्राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने । गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने ।
ट) नेपालको परम्परागत चिकित्सा पद्धतिको रुपमा रहेको आयुर्वेदिक, प्राकृतिक चिकित्सा र होयिमोपेथिकलगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्द्धन गर्ने ।
ठ) जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने ।
ड) श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने । वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने । युवाको सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने ।
ढ) न्यायप्रशासनलाई छिटो छरितो, सर्वसुभल, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने ।
ण) राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिक लगायतका सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने ।

माथि उल्लेखित ११ नीति तथा ती मातहतमा विभिन्न स्थानमा बुँदागत जारी भएका १५ वटा नीतिहरुको विश्लेषणका आधारमा संविधानमा सरकारका कार्यक्षेत्र, सैद्धान्तिक प्रतिबद्धता र नीतिहरुले राज्यको सुशासन र समृद्धिको लागि उपयुक्त जनशक्ति विकास गर्न प्रशस्त मार्ग खुलाइएको छ । समृद्धि र विकासको आवश्यकता इमानदार तथा पेसामा प्रतिबद्ध सीपवान सक्षम जनशक्तिको व्यवस्थापन र दिगो टिकाउ कसरी गर्ने ? भन्ने अहम् मुद्दासित शिक्षा प्रणाली, तालिम र नेतृत्वदायी पक्ष जोडिएको छ ।

नेपाल सरकारको २०७३ माघ १८मा स्वीकृत कार्यविस्तृतीकरण कार्यक्षेत्र वितरणमा संघ, प्रदेश तथा स्थानीय तहमा मानव संसाधन (जनशक्ति) विकास प्रतिवद्धताहरु देहायका छन् :

१) नेपाली सेनाको राष्ट्रिय सेवा दलको सञ्चालन र व्यवस्थापन, विकास निर्माण कार्यमा सहयोग र विपद् प्रतिकार्यमा सहयोग र समन्वय ।
२) नेपाल प्रहरी र प्रदेश प्रहरी, सशस्त्र प्रहरीबल, गुप्तचर तथा अनुसन्धान पेसागत क्षमता अभिवृद्धि, जनशक्ति विकास, स्रोत परिचालन तथा व्यवस्थापन र क्षमता अभिवृद्धि ।
३) बैंकिङ्ग आर्थिक तथा मौद्रिक क्षेत्रको मानव संसाधन विकासका लागि अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजना तर्जुमा र कार्यान्वयन ।
४) वैदेशिक क्षेत्रको विदेशमा नेपालको हित प्रवर्द्धन एवम् प्रतिष्ठा अभिवृद्धि ।
५) सार्वजनिक सेवाको क्षेत्रमा सरकारले देहायका विषय पक्षमा सुशासन र सुधारमा जोड दिएको छ :

- सार्वजनिक प्रशासनसम्बन्धी नीति, कानून, मापदण्ड, योजना, सुधार र नियमन,
- निजामती र अन्य सरकारी सेवामा मानव संसाधन विकास र व्यवस्थापन,
- संगठन तथा व्यवस्थापन सर्वेक्षण,
- क्षमता अभिवृद्धिका लागि स्वदेशी तथा वैदेशिक छात्रवृत्ति व्यवस्थापन,
- तालिम नीति, मापदण्ड र स्तरीकरण,
- संघ, प्रदेश तथा स्थानीय सार्वजनिक सेवाको सम्बन्ध र समन्वय,
- सार्वजनिक सेवासम्बन्धी अध्ययन, अनुसन्धान र विकास,
- विषयगत क्षेत्रका जनशक्तिको क्षमता अभिवृद्धि तथा
- सहकारीसम्बन्धी क्षमता अभिवृद्धि ।

यी माथि उल्लेख गरिएका विषयगत कार्यहरुलाई बढी प्रभावकारी तथा नतिजामुखी तुल्याउन जनशक्ति विकासका पक्षमा देहायका कार्यहरु सरकारले प्राथमिकतासाथ गर्ने भनिएको छ :

- मानव संसाधन आवश्यकता प्रक्षेपण तथा राष्ट्रिय शैक्षिक योजना निर्माण,
- विद्यालय तहको शिक्षकको सेवासर्त, योग्यता एवम् सक्षमताको मापदण्ड निर्धारण र नियमन ।
- स्वास्थ्य तथा पोषणसम्बन्धी राष्ट्रिय नीति, कानून, गुणस्तर मापदण्ड, योजना र नियमन, स्वास्थ्य क्षेत्रको मानव स्रोत विकास र व्यवस्थापन ।
- सामाजिक सुरक्षा, रोजगार तथा क्षमता विकासका क्षेत्रमा रोजगार प्रवर्द्धन सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड र नियमन, वैदेशिक रोजगारको राष्ट्रिय नीति, कानून, मापदण्ड, कार्यान्वयन, नियमन ।
- औद्योगिक विवाद समाधान श्रमिक एवम् श्रमिकको सामाजिक सुरक्षासम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड र नियमन, रोजगारसम्बन्धी तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान, रोजगार उन्मुख सीपमूलक एवम् व्यवसायीक तालिम नीति र नियमन ।
- वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधिसम्बन्धी जनशक्ति विकास, बेरोजगार हरुको क्षमता विकास तथा टेवासम्बन्धी नीति तर्जुमा तथा नियमन, मानव संसाधन विकासको नीति, कानून, मापदण्ड, योजना र कार्यान्वयन ।

संघ, प्रदेश तथा स्थानीय तहसमेतका लागि संविधानमा निर्धारित अनुसूची सातदेखि ९ सम्मका कार्यहरु र यस कार्य विस्तृतीकरणको आधारमा तीन तहका सरकारहरुले आफूलाई प्राप्त काम, कर्तव्य, अधिकार, दायित्व, जवाफदेहिताप्रति के-के काम थाले ? संवैधानिक जिम्मेवारी पूरा गर्न मानव सशाधन (जनशक्ति) विकास, व्यवस्थापन र उपयोगको व्यवस्था गर्ने दायित्वलाई कसरी मिलाइरहेका छन् ? साथै, नेपाल ऐन संग्रह खण्ड १७, २०७४ कानून किताब व्यवस्था समितिमा ऐनहरुको वर्णानुक्रममा उल्लेखित कुल ३४२ ऐन कानूनहरु छन् । तीनै ऐनकानूनहरु सबै राजकीय शासन प्रणाली सञ्चालनका मुख्य आधार तथा अभिन्न अंगहरु हुन् । राज्य प्रणाली संघीय/प्रादेशिक तथा स्थानीय तहमा वर्गीकरण भएको छ । ती ३४२ वटा ऐन कानूनका विषयहरुलाई देहायका एकदेखि दशसम्ममा विषयगत क्षेत्रमा वर्गीकरण गरिएको छ :

१) आर्थिक सुशासन तथा जनशक्ति क्षेत्रसम्बद्ध ऐनकानुनहरु
२) राजकीय शासकीय व्यवस्थापकीय सुशासन तथा जनशक्ति सम्बद्ध ऐनकानुनहरु
३) शिक्षा तथा सामाजिक न्यायका क्षेत्रसम्बन्धी ऐनकानुनहरु
४) स्वास्थ्य तथा आरोग्यसम्बन्धी ऐनहरु
५) प्राकृतिक सम्पदा/भूमि व्यवस्थापन/कृषि तथा खाद्य क्षेत्रसम्बन्धी ऐनकानुनहरु
६) सूचना सञ्चार तथा सामाजिक सिर्जनात्मक क्षेत्रसम्बन्धी ऐनकानुनहरु
७) पर्यटन प्रवर्द्धन/विकास निर्माण तथा आधारभूत सेवासुविधा क्षेत्रसम्बन्धी ऐनकानुनहरु
८) उद्योग विकास प्रवर्द्धन सेवासुविधा क्षेत्रसम्बन्धी ऐनकानुनहरु
९) यातायात तथा भौतिक पूर्वाधार जनशक्ति क्षेत्रसम्बद्ध ऐनकानुनहरु
१०) न्याय व्यवस्थापन सेवासुविधा क्षेत्रसम्बन्धी ऐनकानुनहरु

माथिका ऐन कानूनका आधारमा नेपालको निजामती, स्वास्थ्यलगायतका सरकारी र सार्वजनिक सेवामा चाहिने जनशक्ति कति ? सहकारी र निजी क्षेत्रका संगठित तथा असंगठित अनौपचारिक क्षेत्रमा समेत के-कति र कुन स्तरको जनशक्ति चाहिने ? शान्ति सुरक्षा र विविध क्षेत्रमा के-कति र कुन-कुन क्षमताका जनशक्ति चाहिने ? राम्रोसँग समीक्षा तथा पुनर्संरचना निर्माण गर्न राज्यमा स्वायत्त उच्चस्तरीय विज्ञहरुको समूहको कार्यदलको गठन गरी अध्ययन गराउनु र कार्यान्वयनका लागि सिफारिस लिनु आवश्यक हुनसक्छ । तर, सरकारको ध्यान यता कहिले जान्छ ?

७६१ किसिमका सरकारका निकायहरुले आ-आफ्ना ऐन कानूनहरुको निर्माण गर्ने परिकल्पना संविधानमा गरिएको छ । तर, मुलुकले मानव संशाधन विकासमा दूरदर्शीपनको इतिहास कायम गर्दै भविष्यमा पुनः कुनै पनि कमजोरी नदोहोरिने गरी वैज्ञानिक जनशक्ति विकाससम्बन्धी योजना ऐन, नीति नियमको खाँचो पूर्ति गर्न छुट्टै जनशक्ति विकाससम्बन्धी ऐनको आवश्यकता छ भन्ने देखिन्छ । जनशक्ति विकाससम्बन्धी छुट्टै ऐन कानून नबनेसम्म संघीय सरकारको तहमा एकीकृत जनशक्ति विकास कार्यविधि/मापदण्ड जस्ता आधार नेपाल सरकारबाट स्वीकृत हुनु आवश्यक छ । जनशक्ति विकास तथा प्रयोगसम्बन्धी मापदण्ड विकास गर्नुपर्ने अवस्था अनिवार्य भएको देखिन्छ । अन्तमा, अबका दिनमा संवैधानिक प्रतिवद्धता पूरा गर भन्ने नैतिक, प्राज्ञिक र हक अधिकारका मुद्दा उठाउन नागरिक समाज जुरुक्कै उठ्न आवश्यक छ ।

## सामाजिक सञ्जाल



- विश्वप्रकाश शर्मा

प्रेम आचार्यको आत्मदाहले हामी सबैलाई कठघरामा उभ्याएको छ । दुःखी बनेर, श्रद्धाञ्जली दिएरमात्र हामीलाई उन्मुक्ति मिल्दैन । नीति बदलिएर पुगेन, थिती बसाल्दै नियती बदल्ने संकल्प, कार्ययोजना र जोड जरूरी छ । उनको आत्मदाहको ऐनामा हाम्रो अनुहार छ । केही भिन्न नसोची यो भिन्न बन्न सक्दैन ।



- उद्धवराज भेटुवाल

प्रेम आचार्यको आत्मदाह पछिल्लो राजनीतिक व्यवस्थाले ३० वर्षमा निर्माण गरेको दलाल घराहानीया अर्थव्यवस्था एवम् गैरजिम्मेवार राज्यको उपज हो । यहाँ कुनै मध्यमवर्गीयको जीवन सुरक्षित छैन । बैंक, भूमी र पुँजी कब्जा गरेर बसेका मुट्ठीभर दलालका कारण मध्यम वर्गीय व्यवसायी र उद्यमी दैनिक मरिरहेका छन् ।



- सेतेमान तामाङ

प्रेम आचार्यले संसद भवन अगाडी विद्रोहको सुरूवातको रूपमा आत्मदाह गरे । राज्य जिम्मेवार नभए अब आत्मदाह, आत्महत्या, आत्मघाती घटनाहरू दिनहुँ बढ्दै जान सक्छ । यो दृष्टान्त प्रेम आचार्यको व्यक्तिगत समस्या नभई राज्यको समस्या हो । आत्मदाह विद्रोहको प्रतिक बन्न सकुन् । हार्दिक श्रद्धाञ्जली !



- कृष्ण शर्मा

आत्मदाह गर्नुपूर्व प्रेम आचार्यले लेखेका कुराले हाम्रो अवस्था देखाउँछ । बच्चासहित त्रिशुलीमा हाम फाल्ने आमा, खान नभएर झार उमालेर खुवाउने बा, बाउको क्रिया खर्चको ऋण तिर्न नागरिकतामा उमेर बढाएर खाडी पसेको बालक, परिवारको ऋण तिर्न कमरा बस्ने छोरी यी सबैका आँशुको हाम्रा शासकलाई श्राप लाग्नेछ ।



- राजेन्द्र पोखरेल

प्रेम आचार्यको सूसाइड नोट इमानदारीपूर्वक खटेर व्यवसाय गर्ने वा प्रयास गरिरहेका अधिकांश नेपाली व्यवसायीको अवस्थाको 'श्वेत पत्र' हो । सरकारी निकायसहित यत्रतत्र लुटेरा र ठगहरू पासो थापेझैं बसेका छन् । स्थिति भयावह छ । अहिलेलाई आशा गरौं, उनी सकुशल रहुन् ।

# प्रेमप्रसादको आत्मदाह : एक विद्रोह !

विचार



● युवराज न्यौपाने

इलामका प्रेमप्रसाद आचार्य आफ्नै शरीरमा आगो लगाएर मृत्युवरण गरे । उनले आफ्नो मृत्युवरणको साक्षी सरकारको नेतृत्वकर्ता प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई राखेका छन् । जब प्रचण्ड संसद भवनबाट बाहिरिँदै थिए तब उनकै अगाडि प्रेमप्रसाद जल्दै थिए ।

प्रेमप्रसाद जल्दै गरेको दिन प्रचण्डले संसदमा गरेको सम्बोधन भने निकै अर्थपूर्ण छ । प्रचण्डले संघीय लोकतान्त्रिक व्यवस्थाका विरुद्ध धावा बोल्ने उनकै सत्ता साझेदारलाई तर्साउँदै थिए । उनले मन्त्रीमात्रै होइन, सांसदलाई पनि व्यवस्थाका विरुद्ध नबोल्न चेतावनी दिएका थिए । तर, प्रचण्डले भनेको व्यवस्थाभित्रै एक कृषि उद्यमीले भने उपायबिहीन अवस्थामा आत्मदाह गरेका छन् ।

तत्कालिन नेकपा (माओवादी)ले १० वर्षे जनयुद्ध सामान्य मुद्दामा लडेको थिएन । त्यो कुनै अमुक पात्र वा नेतृत्वविरुद्ध पनि केन्द्रीत थिएन । जनयुद्धको मुख्य मक्सद व्यवस्था परिवर्तनमा केन्द्रीत थियो । जनयुद्धकै आधारमा टेकेर मुलुकमा राजतन्त्र समाप्त भयो । मुलुकमा गणतन्त्र मात्रै आएन, सबै वर्ग, समुदाय र क्षेत्रका जनतालाई



जोड्नेगरी संघीयता र धर्मनिरपेक्षता जस्ता एजेण्डाहरु आए । आज मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाभित्र छ । तर, बिडम्बनाको कुरा, यही व्यवस्थाभित्र गरिखाने वर्ग भने आत्मदाह जस्ता विकल्पमा देखिएका छन् । प्रधानमन्त्रीलाई साक्षी राखेर भएको प्रेमप्रसादको आत्मदाहको विषय चर्चामा छ । तर, यस्ता घटना समाजमा थुप्रै घटेका छन् । सोमबार मात्रै पनि सप्तरीको छिन्नमस्ता गाउँपालिका-२ का रामदेव मरिक (डोम) चार हजार ऋण तिर्न नसकेर आत्महत्या गरेका छन् । डोमले एक लघुवित्तबाट ऋण लिएका थिए ।

२०७८ को फागुन २५ मा पनि काठमाडौंको नागार्जुन नगरपालिका-६स्थित रामकोट डाँडापौवामा भीममान प्रधानको परिवारले गरिबीकै कारण सामूहिक

> प्रेमप्रसादले गरेको आत्मदाह एक मृत्युवरणको उपाय मात्रै होइन, यो एउटा 'विद्रोह' हो ।
> उनले अहिलेको व्यवस्था र नेतृत्वप्रति आत्मदाहमार्फत धावा बोलेका छन् ।

आत्महत्याको बाटो रोजेको थियो । उनीहरुले विकल्पविहीन अवस्थामा सामूहिकरुपमा विष सेवन गरेका थिए । अति आर्थिक संकट सिर्जना भएपछि भीममानको परिवार यस्तो निर्णयमा पुगेको थियो ।

२०७७ फाल्गुन २५ मा दैलेखको आठबीस नगरपालिका वडा नम्बर ३ निमायलकी सुकी बडुवालले पनि तीन छोरी र एक छोरासहित कर्णालीलाई गन्तव्य बनाएकी थिइन् । उक्त घटना पनि गरिबीकै कारण घटेको थियो ।

२०७६ को चिसो माघमा काठमाडौंकै विनय लामिछानेले श्रीमती, दुई छोरा र एक छोरीसहित त्रिशुलीमा जीवन लिला सकाउने प्रयास गरेका थिए । तर, बिडम्बना आफू बाँचे सबै गुमाए । प्रहरीले उनलाई त उद्धार गऱ्यो तर, अरुलाई बचाउन सकेन । विनय मिटरब्याजीको फन्दामा परेका थिए । तीन विद्रोह (जनयुद्ध, दोस्रो जनआन्दोलन र मधेश आन्दोलन)ले व्यवस्था परिवर्तन गरायो तर, यी तिनै विद्रोहले अवस्था भने परिवर्तन गराएन । विगतमा जुन खालको राज्यसंरचना थियो, त्यो बदलियो । शोषणका शैलीहरु पनि बदलिए । तर, शोषण भइनै रह्यो । विगतमा राजा रजौटाको वरिपरिका मान्छेहरुले समाजलाई डोऱ्याउँथे, आज केही 'कर्पोरेट राजनीतिज्ञ'ले समाजलाई डोऱ्याइरहेका छन् । शोषणको रुप फेरिएको छ तर, शोषण थप जर्जर बन्दै गएको छ । जनता थप थिलोथिलो बन्दै गएका छन् ।


आत्मदाहपूर्व प्रेमप्रसादले फेसबुकमा लेखेको छ हजार शब्द लामो 'बकपत्र'ले पनि हाम्रो राज्यव्यवस्थाको स्वरुप र प्रकृतिलाई चित्रित गर्दछ । कसरी एउटा किसान, मजदुर र उद्यमी शोषित छ ? यसले देखाउँछ । किसान, मजदुर र उद्यमीलाई कर्पोरेट शोषकहरु कसरी शोषण गरिरहेका छन्, यसले उदाङ्गो बनाएको छ । प्रेमप्रसादले आफ्नो बकपत्रका ज-जसका नाम समेटेका छन्, सायद यो समाज तिनैबाट निर्देशित र नियन्त्रीत पनि छ ।

प्रेमप्रसादले गरेको आत्मदाह एक मृत्युवरणको उपाय मात्रै होइन, यो एउटा 'विद्रोह' हो । उनले अहिलेको व्यवस्था र नेतृत्वप्रति आत्मदाहमार्फत धावा बोलेका छन् ।

*(लेखक न्यौपाने नेपाली समाज मकाउका अध्यक्ष हुन् ।)*

## तपाईको राशिफल

**मेष** : नयाँ कार्य बन्ने योग छ । तर, सम्बन्धहरूमा दुरी बढ्छ ।
**वृष** : प्रियजनसँग भेट हुन्छ । पारिवारिक उल्झन तनावमा वृद्धि गर्छ ।
**मिथुन** : आत्मविश्वास राख्नुहोला । आध्यात्मिक कार्यमा सहभागिता बढ्छ ।
**कर्कट** : कार्यमा सफलता भएको कारण शान्तिमा वृद्धि हुने योग छ ।
**सिंह** : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । अर्काको कारण विवादको योग छ ।
**कन्या** : दैनिक सबै कार्यमा सफलता प्राप्त हुन्छ । साथै, सम्मानमा वृद्धि हुनेछ ।
**तुला** : अर्कामाथि भरोशा नगर्नुहोला । पैतृक सम्पत्ति प्राप्तिको योग छ ।
**वृश्चिक** : स्वास्थ्य राम्रो रहनेछ । मन शान्त र आनन्दित रहने योग छ ।
**धनु** : विधार्थीहरूको लागि राम्रो समय तथा बढी व्यस्तता रहन्छ ।
**मकर** : पुराना र आफ्ना इष्टमित्रहरूसँग भेटघाट हुनेछ । तर, स्वास्थ्यमा समस्या हुने देखिन्छ ।
**कुम्भ** : वैदेशिक यात्राको योग छ । सम्पत्तिमा वृद्धि हुन्छ ।
**मीन** : साथीभाईबीच सुमधुर सम्बन्ध बनिरहनेछ । कृषिजन्य कार्यमा लाभ हुने देखिन्छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# कर्णाली सरकारले पायो पूर्णता



**कर्णाली ब्युरो/मध्यान्ह**
सुर्खेत, ११ माघ

कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले मन्त्रिपरिषद् विस्तार गरेका छन् । नवनियुक्त ४ मन्त्रीहरूले बुधबार पद तथा गोपनियताको शपथ लिएका छन् । यससँगै कर्णाली सरकारले पूर्णता पाएको छ ।

आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण गरेपछि काउन्सिलले पटक पटक दिएको निर्देशन अवज्ञा गर्ने आइअफनेपाल डटकमलाई कालोसूचीमा राखी थप कारबाही अघि बढाइएको काउन्सिलले बुधबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ । काउन्सिलका सह–प्रवक्ता एवं सूचना अधिकारी उपप्रशासकीय अधिकृत रामशरण बोहराद्वारा जारी विज्ञप्तिमा अदालतमा विचाराधीन रहेको विषयमा मुद्दा प्रभाव पार्ने किसिमले सामग्री सम्प्रेषण गर्ने तनहुँबाट प्रकाशित प्रादेशिक खबर दैनिकसँग २४ घण्टे स्पष्टीकरण माग गरिएको जनाइएको छ ।

काउन्सिलले गरेको स्वअनुगमनमा आचारसंहिता विपरीत सामग्री सम्प्रेषण गर्ने २८ वटा सञ्चार माध्यममध्ये २ वटालाई निर्देशन, ६ वटालाई ध्यानाकर्षण, ११ वटालाई सचेत, ४ वटालाई स्पष्टीकरण र ५ वटा वेबपोर्टललाई नेपालभित्र सम्प्रेषण हुन नसक्ने बनाउन पत्राचार भएको विज्ञप्तिमा जनाइएको छ । यस्तै उजुरीका आधारमा दर्ता/सूचीकरण नभएका १६ वटा वेब पोर्टललाई नेपालभित्र सम्प्रेषण हुन नसक्ने बनाउन नेपाल दूरसञ्चार प्राधिकरणमा पत्राचार भएको छ ।

काउन्सिलले पछिल्लो समयमा विज्ञापनको नाममा अनावश्यक दबाब दिने, 'बार्गेनिङ' गर्ने र तथ्यहीन समाचार सम्प्रेषण गरेका ६ वटा गुनासा परेको जनाएको छ । यस्तो कार्य प्रचलित कानुन, पत्रकार आचारसंहिता विपरीत र पत्रकारिताको दुरूपयोग भएको भन्दै काउन्सिलले सञ्चार माध्यमलाई सजगता अपनाउन ध्यानाकर्षण गराएको छ । अटेरी गरे कारबाही हुने काउन्सिलको चेतावनी छ ।


पछिल्लो समय बार्गेनिङ' पत्रकारिताविरुद्ध उजुरी पर्न थालेका छन् । हामीले विशेष संयन्त्र बनाएर छानवीन गरिरहेका छौं, काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले भने ।

काउन्सिलमा २०७९ साउनदेखि हालसम्म विभिन्न मिडियाविरुद्ध नियमिततर्फ ९७ वटा उजुरी, एक जनगुनासो दर्ता भएका छन् । हालै सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको विशेष अनुगमनका १५ वटा उजुरी र अनुगमन भएकामध्ये १ सय ५१ वटा सामग्री आचारसंहिताप्रतिकूल पाइएको काउन्सिलले जनाएको छ । तीमध्ये २९ वटालाई निर्देशन, ५३ वटालाई ध्यानाकर्षण, ३१ वटालाई सचेत, १८ वटालाई मौखिक ध्यानाकर्षण तथा निर्देशन, २७ वटालाई स्पष्टीकरण सोधिएको र ७ वटालाई नेपालभित्र सम्प्रेषण हुन नसक्ने बनाउन नेपाल दूरसञ्चार प्राधिकरणमा पत्राचार भएको थियो ।

# तारकेश्वरमा उच्च क्षमताको सवस्टेशन बनाइने

**काठमाडौं/मस–** काठमाडौं उपत्यकाको विद्युत् वितरण प्रणालीलाई व्यवस्थित बनाउने लक्ष्यका साथ नेपाल विद्युत् प्राधिकरणले काठमाडौंको तारकेश्वर नगरपालिकामा उच्च क्षमताको सवस्टेशन निर्माण गर्ने भएको छ । नियमित रूपमा उच्च भोल्टेजको बिजुली आपूर्ति गर्न तथा आकस्मिक रूपमा हुने विद्युत् विच्छेदजस्ता अवरोधसमेत न्यूनीकरण गर्न उक्त सवस्टेशन निर्माण गर्न लागिएको हो ।

प्राधिकरणले आगामी ३० वर्षसम्म काठमाडौं उपत्यकाभित्र बिजुलीको माग सहजपूर्वक सम्बोधन गर्ने तयारी गरिरहेको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले त्यसका लागि काठमाडौंमा 'रिङ सर्किट' निर्माण गर्ने बताएका छन् । यस्तै नदी किनारै किनार एक सय ३२ केभी क्षमताका प्रसारण लाइन बनाइने उनको भनाइ छ । उपत्यकाका





तीन जिल्ला र काभ्रेपलान्चोकमा समेत भरपर्दो र गुणस्तरीय बिजुली प्रवाहका लागि नयाँ सवस्टेशन निर्माण गर्न लागिएको हो । प्रसारण पूर्वाधार तथा सवस्टेशनको अभावमा काठमाडौंमा बाध्यकारी रुपमा लोडसेडिङ हुनसक्ने अवस्था सिर्जना भएको प्राधिकरणको भनाइ छ ।

उपत्यकाभित्र कूल ६६ केभीदेखि दुई सय २० केभी क्षमताका प्रसारण लाइन तथा सवस्टेशन निर्माण गर्नुपर्ने भएकाले विद्यमान प्रसारण लाइन तथा सवस्टशेनको संरचनागत सुधार, स्तरोन्नति एवम् विस्तार गर्ने तयारी पनि तीव्र गतिमा अगाडि बढाइएको हो ।

सोही क्रममा साविकको जितपुरफेदी गाविसको वडा नम्बर ५ र गोलढुंगा गाविसको ३ मा २२०/१३२/६६/११ केभी क्षमताको सवस्टेशन निर्माण गर्न लागिएको छ । सो सवस्टेशन निर्माणका लागि आवश्यक पर्ने जग्गा प्राप्तिका लागि प्राधिकरणले बुधबार सूचना प्रकाशित गरेको छ । जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ अनुसार कूल ६१ परिवारको जग्गा अधिग्रहण गर्नुपर्ने प्राधिकरणको सूचनामा उल्लेख छ ।

# कालीगण्डकी नदीमा पुल निर्माण तीव्र गतिमा

**तनहु/मस–** गण्डकी र लुम्बिनी प्रदेश जोड्ने गरी तनहुँमा निर्माणाधीन मोटरेबल पुलको निर्माण तीव्र गतिमा अघि बढाइएको छ । तनहुँको घिरिङ गाउँपालिका-१ र पाल्पाको रामपुर नगरपालिका-१ सो पुलले जोड्ने छ । पुलको हालसम्म ५२ प्रतिशत काम सम्पन्न भएको पुल निर्माण समितिका अध्यक्ष विष्णुभक्त सिग्देलले जानकारी दिए ।



संघीय सरकारको रु. २४ करोडको लागतमा पुल निर्माण शुरु भएको हो । आर्थिक वर्ष ०७३/०७४ मा सम्झौता गरी आर्थिक वर्ष ०७९/०८० असार मसान्तभित्र सम्पन्न गर्ने गरी शर्मा एन्ड कम्पनी युनाइटेड बिल्डर्स एन्ड रमण जेभीले ठेक्का सम्झौता भएको जनाइएको छ ।

हालसम्म तनहुँतर्फ तीन पाल्पामा एक र नदीको बीच भागमा एक पिल्लर निर्माण भएको छ । नदीमा बाँध बाँधेर नदीको बहावलाई परिवर्तन गरी निर्माण भइरहेको उनले बताए । पुलको लम्बाइ दुई सय १० र चौडाइ १०/५० मिटरको हुनेछ । निर्माण समितिका सचिव डानस मल्लले सो स्थानमा केही वर्षअघि झोलुङ्गे पुल निर्माण गरिएको जानकारी दिए ।

# १५ पात्रोलाई स्वीकृति

**काठमाडौं/मस–** वि.सं. २०८० सालका लागि नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले १५ पात्रो (पञ्चाङ्ग)लाई स्वीकृति दिने निर्णय गरेको छ ।

आगामी वर्षका लागि तोयनाथ पन्तको, बाबुराम, नरनाथ, हिमाल, अठोला, तारकेश्वर, सूर्य, आकाश दर्शन, बगलामुखी, शुभ, बाबा गोरखनाथ, कीर्ति, सिद्धि, खप्तड तारानाथ र गौरीशंकर गरी १५ पात्रो (पञ्चाङ)लाई स्वीकृति दिने निर्णय गरिएको समितिका सदस्य सचिवसमेत रहेका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले जानकारी दिए ।

यस वर्षदेखि समितिले प्रकाशन शुरु गरेको 'राष्ट्रिय पञ्चाङ्ग'लाई पनि निरन्तरता दिइने भएको छ । समितिबाट स्वीकृति पाएका पात्रो यही माघ १५ गतेपछि बजारमा आउने छन् ।

वि.सं. २०७६ सम्म पुस अन्तिम साता नै पात्रो (पञ्चाङ्ग) प्रकाशन भइसक्थ्यो । वि.सं. २०७७ देखि भने कोरोना महामारीका कारण पञ्चाङ्गकार जम्मा भएर रुजु गर्ने काममा समस्या आएकाले काममा ढिलाइ भएर प्रकाशन ढिला हुन थालेको हो । वि.सं. २०७७ पुस २० गते मन्त्रिपरिषद्ले समितिको गठन आदेश स्वीकृत गरेको थियो । त्यसअघि मन्त्रालयको पत्रका आधारमा मात्र समिति गठन भएर पात्रोलाई स्वीकृति दिने गरिएको थियो ।

गठन आदेश अनुसार समितिले स्वीकृति दिएका पात्रो मात्र प्रयोग गर्न आम मानिसलाई सूचना प्रकाशन गरी आह्वान गरिएको छ । पात्रोमा राखिने तिथि, बार, योग, नक्षत्र र करण गरी पाँच समूहलाई पञ्चाङ्ग भनिन्छ । पछिल्लो समय सामान्य मानिसले पनि बुझून् भनी घडीपलालाई बजेमा रुपान्तरण गरेरसमेत पात्रोमा राखिने गरेको छ । पात्रोलाई अझै सुधार गर्नुपर्ने माग पनि उठ्ने गरेको छ ।

गत वर्षदेखि नै समितिले भित्तेपात्रोलाई व्यवस्थित गर्ने भनिए पनि ठोस् काम हुनसकेको छैन । गतवर्ष स्वीकृति लिएरमात्र भित्तेपात्रो प्रकाशन गर्न समितिले सूचना प्रकाशन गरिएको थियो । स्वीकृति नलिएका भित्तेपात्रो प्रकाशन भए पनि समितिले कुनै कारबाही भने गरेन ।

कारबाही गर्ने निर्देशिका नबनेकाले गत वर्ष स्वीकृति नलिएका भित्तेपात्रोलाई केही गर्न नसकिएको कार्यकारी निर्देशक ढुंगेलले बताए । समितिको स्वीकृतिमा पात्रो निस्किएपछि त्यही सारेर भित्तेपात्रो प्रकाशन हुने गरेकाले त्यसलाई व्यवस्थित गर्न लागिएको हो । यसवर्ष भित्तेपात्रोलाई व्यवस्थित गर्न स्वीकृति लिन आउनु भनी समितिले सूचना प्रकाशन गरेको थियो । तर भित्तेपात्रो प्रकाशन गर्नेहरुले समितिसँग समन्वय गरेका छैनन् ।

यसवर्ष भने संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयले निर्देशिका तयार पारेको छ । जस अनुसार मन्त्रालयका संस्कृति महाशाखा प्रमुख सहसचिवको संयोजकत्वमा गृह मन्त्रालयका प्रतिनिधिसहित सरोकार भएका निकायकासमेत प्रतिनिधिको सहभागितामा अनुगमन गरिने भएको छ ।

अनुगमन समितिले आवश्यकता अनुसार उपसमितिसमेत गठन गर्न सकिने जनाएको छ । निर्देशिका बनिसकेकाले यसपटक भने अनुगमनपछि स्वीकृति नलिइ प्रकाशन हुने पात्रो र भित्तेपात्रोका प्रकाशक र सम्पादकलाई कारबाही गरिने भएको छ ।

**दोर्दी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नौथर, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**

**हात्तीपाइले रोग सम्बन्धी जनहितमा जारी सन्देश**

**हात्तीपाइले रोग कसरी सर्छ ?**

★ लामखुट्टेले हात्तीपाइले रोग भएको मानिसलाई टोकेर उसमा भएको परजीवी आफूमा लिन्छ र अरू स्वस्थ मान्छेलाई टोकेर ती परजीवी त्यसलाई सारीदिन्छ ।
★ यसरी लामखुट्टेले हात्तीपाइले रोग एक व्यक्तिबाट अर्को व्यक्तिलाई सार्ने काम गर्दछ ।

**हात्तीपाइले रोग लक्षणहरुः**

★ ज्वरो आउनु ।
★ जाडो लाग्नु ।
★ शरीरमा विभिन्न भागहरूमा गिर्खा आउनु, दुख्नु ।
★ हात गोडाहरूमा निला र काला धर्साहरू देखापर्नु ।
★ महिलाहरूलाई यो रोग लागेको भए स्तन फुलेर ठूलो हुनु ।
★ पुरुषहरुलाई यो रोग लागेको भए अण्डकोष ठूलो हुन वा हाइड्रोसिल हुनु ।
★ बिरामीका यौन अंगहरू सुन्निनु ।
★ रोग पुरानो हुँदै गएमा गोडा फुलेर हात्तीको जस्तो ठूलो हुनु ।
★ बिरामीको पिसाब सेतो रंग वा दही जस्तो हुनु यो रोगले शारीरिक असमर्थता पनि हुने भएकोले मानसिक तनाव बढी भई कामकाज गर्न सकिँदैन ।

**हात्तीपाइले रोगबाट बच्ने उपायाहरु**

★ सुत्ने बेलामा सधैं झुल प्रयोग गरी सुत्ने ।
★ पुरा बाहुला भएको लुगा र सम्पुर्ण शरीर छोप्ने लुगा लगाउने ।
★ घरबाहिर बस्दा वा सुत्दा शरीरको कुनै भाग खुला रहने भएमा लामखुट्टेले नटोक्ने मलम लगाउने ।
★ लामखुट्टे भगाउने धुप बाल्ने लामखट्टे नियन्त्रणका लागि घर वरिपरि पानी जम्ने खाल्डाखुल्डी पुर्ने ।
★ झ्यालढोकामा मसिनो जाली लगाउने ।
★ गाउँ नजिकै पोखरी भएमा लामखुट्टेले फुल (लार्भा) नपारोस् भन्नाका लागि लार्भा खाने माछा पाल्ने ।

**साथै**

**मध्यान्ह राष्ट्रिय दैनिक २० वर्ष पुरा गरी २१** औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक **शुभकामना** व्यक्त गर्दछौं ।

**सर्केगाड गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सर्केगाड, हुम्ला**
**कर्णाली प्रदेश, नेपाल**

**उपभोक्ता हित संरक्षणमा जारी सूचना**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।

# युक्रेनमा मन्त्री, गभर्नरहरूसहित उच्च अधिकारीहरूले दिए राजीनामा

**काठमाडौं/एजेन्स।** युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले व्यापकरूपमा भ्रष्टाचारविरोधी अभियान शुरु गरेसँगै सरकारका वरिष्ठ अधिकारीहरूले राजीनामा दिन थालेका छन्। मंगलबार सरकारका एक जना शीर्ष सल्लाहकार, चार जना सहायक मन्त्री र पाँच क्षेत्रीय गभर्नरहरूले पदत्याग गरेका छन्।

राष्ट्रपति जेलेन्स्कीले आफूले भ्रष्टाचारमाथि नियन्त्रण राख्ने आशा गरेका बेला थप वरिष्ठ सरकारी अधिकारीहरूले राजीनामा दिने संकेत दिएका छन्। किरिलो तिमोसेन्को नामक एकजना अधिकारी महँगा कारहरूको प्रयोगका कारण भ्रष्टाचार काण्डमा फसेका छन्। जेलेन्स्कीका प्रमुख सल्लाहकार मिखाइलो पादोल्याकका अनुसार जेलेन्स्कीले सबै माथि कानुन लागु हुनुपर्ने जनताको प्रमुख मागलाई सम्बोधन गरिरहेका छन्।

युक्रेनी सञ्चारमाध्यमले रक्षमन्त्रीले एउटा नामै नचलेको कम्पनीलाई खाद्यान्न आपूर्तिका लागि आवश्यक भन्दा बढी



रकम भुक्तानी गरेको खबर सार्वजनिक गरेपछि भ्रष्टाचारविरुद्ध कदम थालिएको हो।

यसैगरी सोमबार घुस लिएको आरोपमा अर्को एक जना मन्त्री पक्राउ परेका थिए। जेलेन्स्कीले यसअघि नै सम्पूर्ण वरिष्ठ सरकारी अधिकारीले सरकारी कामकाजका लागि बाहेक देश छाड्न नपाउने घोषणा गरिसकेका छन्।

मंगलबार सबैभन्दा पहिले राजिनामा दिनेमा राष्ट्रपति कार्यालयका उपाध्यक्ष तिमोसेनको रहेका छन्। क्षेत्रीय नीति हेर्दै आएका उनले जेलेन्स्कीको चुनाव अभियानमा पनि काम गरेका थिए।

गत वर्षको २४ फ्रेब्रुअरीमा रुसले युक्रेनमा आक्रमण गर्न शुरु गरेयता उनले प्रायः सरकारको प्रवक्ताको भूमिका पनि निभाउँदै आएका थिए।

टेलिग्राम पोस्टमार्फत उनले प्रत्येक दिन र हरेक मिनेट असल कार्य गर्ने अवसर दिएकोमा जेलेन्स्कीलाई धन्यवाद दिएका छन्। सेनाका लागि आवश्यक खाद्यान्न आपूर्ति सम्बन्धी विवादास्पद सम्झौतामा संलग्न रहेको खबर बाहिरिएसँगै उपरक्षामन्त्री भ्याचेस्लाभ सोपालोभले पनि राजीनामा दिएका हुन्। यसै काण्डलाई लिएर रक्षामन्त्री ओलेक्सी रेज्निकोभ पनि सरकारी निगरानीमा रहेका छन्।

युक्रेन उच्च भ्रष्टाचार हुने देशमध्येमा पर्छ। ट्रान्सपरेन्सी इन्टरन्याशनलले सन् २०२१ मा निकालेको एक प्रतिवेदनमा भ्रष्टाचार हुने देशको सूचीमा युक्रेनलाई १८० मध्ये १२२ औं स्थानमा राखेको थियो। युरोपेली संघले आफ्नो क्षेत्रीय समूहमा संलग्न हुनका लागि भ्रष्टाचारको अवस्थामा सुधार आउनुपर्ने एउटा मुख्य माग राखेको थियो।

# जापानमा भारी हिमपातपछि यातायात अवरुद्ध

काठमाडौं/एजेन्सी- भारी हिमपात र शक्तिशाली हुण्डरीका कारण जापानका अधिकांश भागको यातायात प्रणाली अवरुद्ध भएको छ। जापानमा यो वर्ष एक दशक यताकै अधिक चिसो र हिमपात भएको छ। प्रतिकूल मौसमका कारण प्रमुख रेलसेवा बन्द गरिएका छन् भने केही स्थगन भएका छन्।

बाक्लो तुषारोले गर्दा द्रुत रेल सेवाको गति पनि मन्द भएको छ भने केही सेवामा विलम्ब भएको छ। बुलेट रेलसेवाको हालत पनि यस्तै छ। इष्ट जापान रेलवे कम्पनीले तोहोकु- शिङ्कासेन सेवाका साथै यामागाता- शिङ्कानसेन सेवा बुधबार बन्द रहने जनाएको छ।

तोकाइदो र सान्यो शिङ्कानसेन क्षेत्रका प्रमुख रेलसेवा बन्द भएका छन्। परिस्थितिको विश्लेषण गरेरमात्र सेवा पुनः शुरु गरिने रेल सेवाका अधिकारीले बताएका छन्। हिउँ हटाउन राष्ट्रिय राजमार्ग पनि बन्द गर्नुपर्ने अवस्था आएको यातायात मन्त्रालयले जनाएको छ। चालकहरूलाई अत्यावश्यक अवस्थामा बाहेक सवारी साधन सञ्चालन नगर्न आदेश दिइएको छ। हिमपातका बेला प्रयोग गरिने टायर प्रयोग गर्न पनि गाडीका चालकलाई मन्त्रालयले आग्रह गरेको छ। जापान एयरलाइन्स र अल निप्पोन एयरवेजले पनि बुधबारका सयौं उडान रद्द गर्ने योजना बनाएका छन्। उनीहरूले यात्रीलाई यथाशीघ्र आफ्नो उडान सुनिश्चित भएनभएको यकिन गर्न अनुरोध गरेका छन्। जापानको जल तथा मौसम विज्ञान विभागले देशको तापक्रम अझ घट्ने जनाएको छ। बिहीबार पनि बुधबारको झैं मौसम सफा नरहने विभागको अनुमान छ।

# श्वासप्रश्वासका बिरामी बढेपछि प्योङ्याङमा लकडाउन

**काठमाडौं/एजेन्सी-** उत्तर कोरियामा श्वासप्रश्वासका बिरामी बढेपछि प्योङ्याङमा पाँचदिने लकडाउन आदेश जारी गरिएको छ। गत अगष्टमा कोरोनामाथि विजय प्राप्त गरेको उत्तरकोरियाले बुधबारदेखि लागू हुने गरी राजधानीभर बन्दाबन्दीको आदेश जारी गरेको हो।

प्योङ्याङका बासिन्दालाई बुधबारदेखि आगामी आइतबारसम्म घरभित्रै बस्न तथा हरेक दिन शरीरको तापक्रम जाँच गर्न आदेश दिइएको उत्तर कोरियाली सरकारले जारी गरेको सूचनालाई उद्धृत गर्दै सोलस्थित एनके न्युजले जनाएको छ। राजधानीमा फैलिएको रोगलाई कोडिभ-१९ नभनी त्यसलाई रुघाखोकीका रूपमा चित्रण गरिएको छ। राजधानीमा बन्दाबन्दीको आदेश जारी हुने अनुमान गर्दै नगरबासीले दैनिक आवश्यकताका वस्तु भण्डारण गरेको भोलिपल्ट सरकारी आदेश जारी भएको हो। राजधानी प्योङ्याङमा मात्र लकडाउन गरिएको हो वा देशका अन्य शहरमा पनि त्यो लागू गरिएको हो भन्नेबारेमा स्पष्ट गरिएको छैन। राज्य नियन्त्रित सञ्चारमाध्यमले पनि यससम्बन्धमा केही उल्लेख गरेका छैनन्। कोरियाली प्रायद्वीपको यो देशमा निरन्तर तापक्रम घटिरहेको छ। हाल यहाँको तापक्रम माइनस २२ डिग्री सेल्सियस रेकर्ड गरिएको छ। उत्तर कोरियाको छिमेकी तथा प्रमुख व्यापारिक साझेदार चीनले हालै कोभिडविरुद्धको शून्य नीति परित्याग गरेको छ। केही अघि चीनका अस्पताल बिरामीले भरिभराउ भएका थिए भने अन्त्येष्टिस्थलमा ठूलो संख्यामा शव ल्याइएका थिए। चीनबाट आफ्नो भूमिमा



संक्रमण फैलिन नदिन प्रारम्भदेखि नै उत्तर कोरियाले कठोर नीति अवलम्बन गरेको थियो। यद्यपि उसले चीनसँगको व्यापारलाई अनुमति दिएको थियो। उत्तर कोरियाले गत अप्रिलमा कोरोनाको प्रकोपले देशलाई गाँजेको स्वीकार गरेको थियो तर तीन महिनापछि चमत्कार भएको भन्दै महामारीबाट मुक्त भएको घोषणा गरेको थियो। कोरोनासम्बन्धी उत्तर कोरियाली तथ्यांक तथा महामारी नियन्त्रणमा आएको भनाइलाई लिएर विशेषज्ञ तथा विश्व स्वास्थ्य संगठनले लामो समयदेखि प्रश्न गरिरहेका छन्। विज्ञहरूका अनुसार उत्तर कोरियाको स्वास्थ्य सेवा प्रणाली कमजोर छ। अस्पतालहरूमा पर्याप्त उपकरण छैनन् भने अस्पतालहरूमा सघन उपचार कक्ष पनि सीमित छन्। साथै त्यहाँ कोभिड-१९ को उपचार गर्ने औषधिको पनि अभाव छ। दुई करोड ५० लाख जनसंख्या भएको उत्तर कोरियामा कुनै नागरिकले कारोनाविरुद्ध खोप लगाएनलगाएको भन्न कठिन छ। चीनबाट केही मात्रा खोप प्राप्त भएकाले केही नागरिकले खोप लगाएको अनुमान गर्न सकिन्छ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/०५/३१ मा दर्ता भएको **प्रा.लि.नं. २४२०३०** को **रेवन ट्राभल्स एण्ड टुर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०९/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६४/०५/०२ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. ४७५७५/०६४/०६५ को पि.टी. कार्गो प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०७९/१०/१० को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हकदाबी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७५/०८/११ गतेका दिन दर्ता भएको दर्ता नं. २०३१७९/०७५/०७६ को आहान **एक्युप्रेसर तथा नेचुरोपेथी थेरापी सेन्टर प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरीपाउँ भनि यस कार्यालयमा निबेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**कुमारी बैंक लिमिटेड, शाखा कार्यालय न्युरोड, काठमाण्डौको तपसीलमा उल्लिखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना**

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय न्युरोड, काठमाण्डौबाट तपसीलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

**तपसील**

**१. ऋणीको विवरणः**



गुण राज उप्रेतीको नाती, निल प्रसाद उप्रेती/लक्ष्मी कुमारी उप्रेतीको छोरा, दुर्गा उप्रेतीको पति, मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स., वडा नं. ०९ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. २ बस्ने **नवराज उप्रेती** (ना.प्र.प.न. २८/३३७ जारी मिति २०५६/०१/१०, जिल्ला प्रशासन कार्यालय, मकवानपुर)।

**व्यक्तिगत जमानीकर्ताको विवरणः**

१. निल प्रसाद उप्रेती/लक्ष्मी कुमारी उप्रेतीको बुहारी, नवराज उप्रेतीको पत्नी, काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. २ बस्ने **दुर्गा उप्रेती** (ना.प्र.प.न. ३११०२१/८२२६३, जारी मिति २०६८/०१/०९, जिल्ला प्रशासन कार्यालय, मकवानपुर)।

**धितो सुरक्षणको विवरणः**

१. धनी कुमारी बैंक लि. र ऋणी **नवराज उप्रेती** कायम भई बागमती अञ्चल यातायत व्यवस्था कार्यालयमा दर्ता कायम रहेको इन्जिन नं. 797192C, च्यासिस नं. G4026752 बा. १४ च ९४११ को DATSUN GO “O” को कार थान १।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय न्युरोड, काठमाण्डौ फोन नं. ०१-५३२७३६४

प्रदेश सरकार
कृषि मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
खाँदवारी, संखुवासभा

**बोलपत्र तथा दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति २०७९/१०/१२

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र खांदवारी सङ्खुवासभाबाट तपशिल अनुसारको निर्माण कार्यका लागि मध्यान्ह दैनिक पत्रिकामा मिति २०७९/०९/०४ गते प्रकाशित बोलपत्र आह्वान सम्वन्धी सूचना र मिति २०७९/०९/१९ गते प्रकाशित दरभाउपत्र आह्वान सम्वन्धी सूचना अनुसार रित पुर्वक पर्न आएका वोलपत्र तथा दरभाउपत्रहरु मध्ये तपशिलका बोलपत्र/दर भाउपत्रदाताको बोलपत्र/दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिई मूल्याकंन समितिबाट स्वीकृतको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा १,२,३ र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | ठेक्का नं. | कार्यको विवरण | छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कवोल अंक (P.S. र मु.अ कर सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १ | VHLSEC/ SANKHU WASAVA/ NCB/ WORKS/01-01-2079/80 | Construction of Veterinary Office Building -Bhojpur | Siptuing Builders & Suppliers, Bhojpur-6 | 36,91,226.43 | बोलपत्र |
| २ | VHLSEC/ SANKHUWASABHA/ SQ-1-079/80 | Construction of Boundary Wall at VHLSEC office Khandbari | D.S. Builders, Khandbari-3 Sankhuwasabha | 16,86,358.64 | दरभाउपत्र |
| ३ | VHLSEC/ SANKHUWA SABHA/ SQ-2-079/80 | Construction of treatment & artificial insemination room at Bhojpur | Sharma Nirman Sewa, Bhojpur-7 | 14,26,248.60 | दरभाउपत्र |

**Invitation for Online Quotations**

**SHIVASATAKSHI MUNICIPALITY**
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
**PROVINCE NO.1, JHAPA**
**2nd Date of publication: 2079/10/12 (26-Jan-2023)**

1. The Shivasatakshi Municipality invites online quotations for the Following Procurement.

| Contract ID | Descriptions | Bid doc Fee Nrs | Bid Security Nrs |
|---|---|---|---|
| 04/SM/SQ/ Goods/2079/080 | Procurement of E Attendence Machine and accessories | 1000.00 | 41,500 |

2. Eligible Bidders may obtain further Information from PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who submit their bid electronically may download the bidding documents from www.bopatra.gov.np/eg till **12:00, 2079/10/27 (10-Feb-2023)**. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as stated above in the following account
   **Name of the Bank: Mega Bank Nepal LTD.**
   **Name of Office: Shivasatakshi Municipality**
   **Office Account no(Rajaswa Khata ).: 3140010000128**
4. Online bids must be submitted through www.bopatra.gov.np/egp on or before **12:00 on 2079/10/27 (10-Feb-2023)**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 2079/10/27 (10-Feb-2023)**. the office of Shivasatakshi Municipality Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting as mention above which shall be valid for 30 days beyond the validity period of the bid.
6. Bid must be valid for a period of 75 days after bid opening and must be accompanied by a bid security amount as mention above should deposited at **Dharauti Khata a/c no 3140010000161** on the behalf of Shivasatakshi Municipality at Mega Bank Nepal LTD, Byangdada Branch.
   or
   Bidder who choose to submitt their bid security amount as Bid bond ,the bid bond should be issued from authorized and recognized commercial bank or Finincial institution eligible to issue bank gurantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064.
10. Shivasatakshi Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

## शिबराज नगरपालिकाको

**सूचना सूचना सूचना**

१. व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततीको भविष्य सुनिश्चित गरौं ।
२. खुल्ला ठाउँमा दिसा पिसाब नगरौं र खुल्ला दिसा पिसाब मुक्त नगर अभियानमा सहयोग गरौं ।
३. साबुन पानीले हात धुने बानी बसालौं र अरुलाई पनि सिकाऔं ।
४. वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रुपमा स्वास्थ्य पक्षिण गराऊँ ।
५. कुपोषण न्युनिकरण गर्न "हरेक बार खाना चार" लाई प्रर्वधन गरौं ।

---

## हार्दिक बधाई तथा शुभकामना

२०औं वार्षिकोत्सव

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २० औं वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

### आठविसकोट नगरपालिकाको जनहितमा जारी सन्देश

- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं ।
- कर समयमै तिरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।

रवि के.सी.
नगर प्रमुख

मणि राज शाह
नि. प्रमुख प्रशासकीय अधिकृत

**आठविसकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
रूकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल

---

## बराहताल गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
कुनाथरी, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

### बराहताल गाउँपालिकाको जनहितमा जारी सन्देश

**रेबिज रोगको लक्षण**
- पानी र हावादेखि डराउने,
- अत्याधिक उत्तेजित व्यवहार गर्ने,
- घाउ भएको स्थानमा दुख्ने,
- ज्वरो आउने,

**रेबिजबाट बच्ने उपाय**
- घरपालुवा जनावरलाई रेबिज विरूद्धको सुइ लगाउने,
- सामुदायीक कुकुरलाई नजिस्काउने,
- कुनै पनि शंकास्पद जनावरको सम्पर्कमा आएपनि वा त्यसले टोकेमा तुरून्त विशेषज्ञ चिकित्साको परामर्श तथा उपचार लिने ।

**जनहितमा जारी सन्देश**
- घर निर्माण गर्नु अगाडि अनिवार्य रूपमा गाउँपालिकाबाट नक्सा पास गरौं ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- कर समयमै तिरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरूवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।

भिम बहादुर भण्डारी — अध्यक्ष
लक्ष्मी पुन मगर — उपाध्यक्ष
लित कुमार थापा — प्रमुख प्रशासकिय अधिकृत

---

## भेरीगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल

### भेरीगंगा नगरपालिकाको जनहितमा जारी सन्देश

**रेबिज रोगको लक्षण**
- पानी र हावादेखि डराउने,
- अत्याधिक उत्तेजित व्यवहार गर्ने,
- घाउ भएको स्थानमा दुख्ने,
- ज्वरो आउने,

**रेबिजबाट बच्ने उपाय**
- घरपालुवा जनावरलाई रेबिज विरूद्धको सुइ लगाउने,
- सामुदायीक कुकुरलाई नजिस्काउने,
- कुनै पनि शंकास्पद जनावरको सम्पर्कमा आएपनि वा त्यसले टोकेमा तुरून्त विशेषज्ञ चिकित्साको परामर्श तथा उपचार लिने ।

**जनहितमा जारी सन्देश**
- घर निर्माण गर्नु अगाडि अनिवार्य रूपमा नगरपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रूपमा आउने रोगबाट बचौं ।

यज्ञ प्रसाद ढकाल — नगर प्रमुख
धनसरा बोहरा — उप- प्रमुख
कृष्ण प्रसाद पोखरेल — प्रमुख प्रशासकिय अधिकृत

---

## हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २० औं वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

### गाउँबासीमा अनुरोध

- व्यक्तिगत घटना दर्ता समयमै गरौं । र, आफ्नो सन्तानको भविष्य सुनिश्चित गरौं ।
- गाउँपालिकाबाट इजाजत लिएर घरनक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- वैदेशिक रोजगारमा जाँदा आवश्यक सूचना प्राप्त गरेर मात्रै जाऔं ।
- साबुनपानीले हात धुने बानी बसालौं ।
- हावाहुरीबाट हुने आगलागीबाट बचौं । र, अरूलाई पनि सावधानी गराऔं ।
- सरसफाइमा ध्यान दिऔं । र, फोहोरमैला जथाभावी नफालौं ।
- कुपोषण न्यूनिकरण गर्न हरेकबार खानचारलाई प्रवर्द्धन गरौं ।
- लैंगिक हिंसाविरूद्धको आवाज बुलन्द पारौं । र, त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।

रमेश बाबु थापा मगर
अध्यक्ष

इन्दिरा तिवारी
उपाध्यक्ष

बाबुराम मगर
प्रमुख प्रशासकीय अधिकृत

**शहिद लखन गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
पिपलछाप, घैरुङ, गोरखा जिल्ला, गण्डकी प्रदेश, नेपाल

---

## ग्रामथान गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
तेतरीया, मोरङ
प्रदेश नं १, नेपाल

### गाउँबासीहरू जनहितमा जारी सन्देश

- गाउँपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, गाउँपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।

श्री जय प्रकाश गच्छदार थारू
अध्यक्ष

श्री गुणावती देवी थारू
उपाध्यक्ष

**ग्रामथान गाउँपालिका**
तेतरीया, मोरङ, प्रदेश नं १, नेपाल

---

## हार्दिक बधाई तथा शुभकामना

२०औं वार्षिकोत्सव

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २० औं वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

### राप्ती नगरपालिकाको जनहितमा जारी सन्देश

- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं ।
- कर समयमै तिरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।

शमशेर लामा
नगर प्रमुख

देवेन्द्र लामा
उप-प्रमुख

सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत

**राप्ती नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
भण्डारा, चितवन, बागमती प्रदेश

---

## हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २० औं वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रहलाद कुमार क्षेत्री
प्रमुख

तारा देवी
उप-प्रमुख

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकत

**बर्दिबास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बर्दिबास, मधेश प्रदेश

---

## हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २० औं वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कारी राम यादव
नगर प्रमुख

रहिमा खातुन
उप- प्रमुख

कृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकत

**सबैला नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
सबैला, धनुषा, मधेश प्रदेश, नेपाल

---

## हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २० औं वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भोगेन्द्र मिश्र
अध्यक्ष

फूल कुमारी यादवनी
उपाध्यक्ष

नागेन्द्र यादव
प्रमुख प्रशासकीय अधिकत

**लक्ष्मीनिया गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
मधेश प्रदेश, धनुषा, नेपाल

---

## हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २० औं वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दिलिप कुमार पाण्डेय
अध्यक्ष

दिपो देवी पासवान
उपाध्यक्ष

रंजित पाण्डेय
प्रमुख प्रशासकीय अधिकत

**महोत्तरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
मधेश प्रदेश, नेपाल

## स्पट फिक्सिङ प्रकरण

# छानबीन समितिले राखेपलाई बुझायो प्रतिवेदन



**काठमाडौं/मस-** नेपाल क्रिकेट संघको आधिकारिक लिग भनिएको नेपाल टी-२० लिगमा खेलाडीको पारिश्रमिक विवाद तथा व्यवस्थापन बारे छानबीन गर्न गठित समितिले बुधबार राष्ट्रिय खेलकुद परिषद् (राखेप)लाई प्रतिवेदन बुझाएको छ ।

एकेन्द्र कुँवरको संयोजकत्वमा पाँच सदस्यीय छानबीन समितिले बुधबार राखेप सदस्यसचिव टंकलाल घिसिङलाई नेपाल टी-२० लिग आयोजनाका लागि भारतीय कम्पनी सेभन थ्री स्पोर्टस र क्यानबीचको सम्झौता खारेज गर्ने लगायतका निस्कर्ष निकाल्दै ४६ पृष्ठ लामो प्रतिवेदन बुझाएको हो ।

लिग आयोजनाको क्रममा साझेदार विदेशी कम्पनीसँगको सम्झौता, सञ्चालन लगायतका विषयमा प्रचलित ऐन, नियम तथा राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २८ मा भएको शर्त र दफा ४४ को उपदफा (२) मा भएको व्यवस्थाको पालना नभएको र सम्बन्धित पक्षलाई राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २९ मा भएको व्यवस्था आकर्षित हुने ठहर गरेको छ । साथै प्रचलित ऐन, नियम बमोजिम प्रक्रिया पूरा नगरी प्रतियोगिता आयोजना सम्बन्धमा भएको सम्झौता तत्काल खारेज गर्न पनि निर्देश गरेको छ ।

नेपाल टी-२० लिगमा शंकास्पद एवं अस्वभाविक गतिविधिका कारण फिक्सिङ हुने सम्भावनाका विषयमा अनुसन्धान गर्ने आधिकारिक निकाय नेपाल प्रहरीको सिआईबीबाट भइरहेको अनुसन्धानबाट प्राप्त निष्कर्षको आधारमा दोषीमाथि प्रचलित कानून एवं राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ३३ बमोजिम हुने कारबाहीमा अवश्यक सहयोग पऱ्याउने निर्णय कार्यदलले गरेको छ । आईसीसीसँग आवश्यक छलफल र समन्वय गर्न सकिने पनि समितिले प्रतिवेदनमा उल्लेख गरेको छ । प्रतियोगिताका दौरान खेल मिलेमतो, स्पट फिक्सिङ र बेटिङसमेत भएको भन्दै केन्द्रीय अनुसन्धान ब्युरो (सिआईबी)ले पनि प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरिसकेको छ । सिआईबीले सोमबार खेल मिलेमतोमा संलग्न रहेको आरोपमा नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वअलराउण्डर मेहबुब आलम र वर्तमान राष्ट्रिय टोलीका अलराउण्डर मोहम्मद आदिल अन्सारीलाई पक्राउ गरिसकेको छ भने अनुसन्धानका लागि पाँच दिनको समयअवधि पनि थपेको छ ।

# काठमाडौं च्याम्पियन



**काठमाडौं/मस-** काठमाडौं उसु क्वानले प्रथम ग्रिनफिल्ड उपत्यकाव्यापी खुला जुनियर उसु प्रतियोगिताको उपाधि जितेको छ । काठमाडौं ८ स्वर्ण, ४ रजत र ६ कांस्य जित्दै समग्रमा टिम च्याम्पियन बन्यो ।

कालभैरव उसु क्वानद्वारा आयोजित प्रतियोगितामा बुद्ध प्रकाश उसु क्वान ७ स्वर्ण, ४ रजत र १० कास्यसाथ दोस्रो भयो । तेस्रो स्थानको ड्रागन उसु क्वानले ५ स्वर्ण, ५ रजत र ४ कास्य हात पाऱ्यो ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को सेमी कभर्डहलमा भएको प्रतियोगिताअन्तर्गत थाउलोको पुरुषमा ड्रागनका रोजिश बल तथा महिलामा बुद्ध प्रकाशकी लक्ष्मी तामाङ उत्कृष्ट खेलाडी घोषित भए । सान्सौंको पुरुषमा कपन उसु क्वानका प्रतिक कुलुङ तथा महिलामा यिन याङकी उसु क्वानकी रेश्मा ब्लोन उत्कृष्ट खेलाडी चुनिए ।

विजेतालाई बागमती प्रदेशका सांसद मिनकृष्ण महर्जन, नेपाल उसु महासंघका अध्यक्ष जनक गर्तौला, आयोजक कालभैरव उसु क्वानका अध्यक्ष निकेश श्रेष्ठलगतयतले एक कार्यक्रमबीच पुरस्कृत गरे ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७९/१०/१२**

यस कार्यालयमा मिति २०६३/०८/०८ मा दर्ता भएको **प्रा.लि. नं. ४२५४४** को **केरोना नेपाल प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/१०/१२**

**एस. स्क्वायर मिडिया प्रा.लि.** को मिति २०७९/०१/२० गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एस स्क्वायर म्यानेजमेन्ट कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि.नं.: १९१६३७)** कायम गर्ने गरी मिति २०७९/०३/२७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# सुष्मालाई बक्सिङमा रजत



**काठमाडौं/मस-** थाइल्याण्डको बैंककस्थित ह्वामार्क इन्डोर स्टेडियममा जारी एएसबीसी एसियन यु-२२ बक्सिङ च्याम्पियनसिप २०२३ को फाइनलमा नेपाली मुक्केबाज सुष्मा तामाङले रजत पदक जितेकी छन् ।

महिलातर्फ ४८ किलो तौल समूहको फाइनल खेलमा उज्वेकिस्तानी मुक्केबाज फोजिलोभा फरजोनासँग ५:० अंकको आधारमा पराजित भएकी थिइन् । उनले क्वाटरफाइनलमा भेतनामकी क्यूनहानलाई ५:० अंकको आधारमा जित हासिल गरिन् भने सेमिफाइनल खेलमा मंगोलियाका प्रतिद्वन्द्वी बेस्येन्वेई जर्नागुलीलाई तेस्रो राउण्डमा रेफ्री स्टोप कन्टेस्ट (आरएससी)को आधारमा पराजित गर्दै नेपाली मुक्केबाज सुष्मा तामाङ फाइनल प्रवेश गरेकी थिइन् ।

त्यसैगरी महिला ५७ किलो तौल समूहमा हेमा राईले सिंगापुरका खेलाडीलाई ५:० अंकको आधारमा पराजित गर्दै सेमिफाइनलसम्मको यात्रा तय गरेकी थिइन् भने उनी मंगोलियाका बत्तुर जोल्जारगलसँग ५:० अंकको आधारमा र ७५ केजी तौल समूहमा त्रिशा जवेगु काजिकिस्तानी एरजन गुल्सायसँग ५:० अंकको आधारमा पराजय भोग्दै कास्य पदकमै सीमित रहेकी थिइन् ।

मेडल तथा पुरस्कार वितरण समारोहमा थाइल्याण्डका लागि नेपाली राजदूत गणेशप्रसाद ढकाल, नेपाल बक्सिङ संघका सदस्य तथा प्रवक्ता अन्तर्राष्ट्रिय कोअर्डिनेटर श्यामकाजी अवाले समेतको उपस्थिति रहेको थियो ।

Province Government

**Ministry of Road Infrastructure & Urban Development**

**Transport Infrastructure Directorate**

# Infrastructure Development Office

Udayapur

Province No.1, Nepal

## Invitation for Electronic Bids

**First Date of Publication: 2079/10/12 (26th January 2023)**

1. Province Government, Ministry of Road Infrastructure & Urban Development, Transport Infrastructure Directorate, Infrastructure Development Office, Udayapur, Provinceno.1, Nepal invites bids from eligible bidders for following works:

| S.N. | Contract Identification Number | Description and Location of work | Bid Validity Period | Bid Security Validity Period | Estimated Amount with VAT& PS (NRs.) | Key Qualification Requirement | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | IDO/UDA/NCB/ W/R/67/079-080 | Upgrading of Udaypur-Gaighat-Rasuwaghat-Panchdhare Road, Khotang | 120 days | 150 days (up to 26th July, 2023) | | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **Nrs. 30,00,00,000.00** Experience: At least one Bituminous Road in Contract with in the last ten (10)) years, with a value of at least **NRs 33,50,00,000.00** with VAT that have been successfully or are substantially completed and that are similar to the proposed works. | 1,50,00,000.00 | 20000.00 |
| 2 | IDO/UDA/NCB/ W/B/68/079-080 | Construction of Sawakhola Bridge along Khotehang Rural Municipality-7,Mojaubo-Jante Dhunga Rural Muncipality,5, Chyaliskhuta Raod, Khotang | 90 days | 120 days (up to 25thJune, 2023) | | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **Nrs. 5,40,00,000.00** Experience: At least one Pre-Stressed Motorable Bridge of Length **30.00** meter in Contract with in the last ten (10)) years, with a value of at **least NRs 4,75,00,000.00 with VAT** that have been successfully or are substantially completed and that are similar to the proposed works. | 20,00,000.00 | 5000.00 |
| 3 | IDO/UDA/NCB/ W/R/69/079-080 | Upgrading of Bhadbesi-Halesi Road, Khotang | 90 days | 120 days (up to 25thJune, 2023) | 1,70,01,988.69 | | 4,20,000.00 | 3000.00 |
| 4 | IDO/UDA/NCB/ W/R/70/079-080 | Upgrading of Jalpa Kadel Bakshila Road, Kepilashgadi Rural Muncipality, Khotang | 90 days | 120 days (up to 25thJune, 2023) | 24,27,742.06 | | 60,000.00 | 3000.00 |
| 5 | IDO/UDA/NCB/ W/R/71/079-080 | Upgrading of Sungdel Salpa Paryatakiya Road Kepilashgadi Rural Muncipality, Khotang | 90 days | 120 days (up to 25thJune, 2023) | 24,14,304.09 | | 60,000.00 | 3000.00 |
| 6 | IDO/UDA/NCB/ W/R/72/079-080 | Upgrading of RawabesiRu.Mu. Kalika Pra.Bi. Kharpa-Tappu-Bijule Road, Khotang | 90 days | 120 days (up to 25thJune, 2023) | 24,14,645.87 | | 60,000.00 | 3000.00 |
| 7 | IDO/UDA/NCB/ W/R/73/079-080 | Upgrading of Phedikhhola Sadak dekhi Chipling Hudai Silkhu Road (Phedikhola Corridor), Khotang | 90 days | 120 days (up to 25thJune, 2023) | 20,80,160.71 | | 60,000.00 | 3000.00 |

2. Submission and Opening of Bid:

| Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| 2079/11/14 (26th Feb. 2023) | 12:00 Hours | 2079/11/14 (26th Feb. 2023) | 13:00 Hours | Interested eligible bidders may obtain further information from Infrastructure Development Office, Udayapur and inspect the Bidding Documents at the address given below during office hours or may visit E-procurement section of PPMO's Web Site http://www.bolpatra.gov.np/egp,Acomplete set of bidding documents in English may be inspected by the interested bidders and must submit their bid electronically through E-procurement section of PPMO's Web Site http://www.bolpatra.gov.np/egp., the Bidders must download the bidding documents, prepare their bids and submit their electronic bids as specified in the Instructions to Bidders. The bidder shall be required to deposit the cost of bidding document (as specified in the table above) in the Employer's Rajaswa (revenue) account as specified below and scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic submission of the bid files. |

3. Bank Account Details:

| Account Name | Bank Name | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|
| Pradesh Lekha Ikai Karyalaya, Udayapur. | Rastriya Banijya Bank. | Gaighat, Udayapur. | 2090100202030000 (Dharauti) | Office Code: 3370111011 |
| Infrastructure Development Office, Udayapur. | Rastriya Banijya Bank. | Gaighat, Udayapur. | 1000100201010001 (Rajaswa) | 14229 (Revenue) |

4. Pre-bid meeting shall be held at the office on 2079/10/24 (7th Feb. 2023) at 13:00 hours.
5. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered a last day. In such case validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA, 2063 and PPR, 2064 (Revised)

**Office Chief**

# आर्थिक मिडिया सञ्चालक संघको अध्यक्षमा आचार्य चयन

**काठमाडौं/मस** - आर्थिक मिडिया सञ्चालकहरुको संस्था इकोनोमिक मिडिया एसोसिएसन नेपाल (इमान) को नयाँ कार्यसमिति चयन भएको छ । बुधबार काठमाडौंमा सम्पन्न इमानको पहिलो अधिवेशनले केटिएम भ्वाइस डटकमका रोयल आचार्यको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो ।



कार्यसमिति उपाध्यक्षमा दैनिकी डटकमका माधव प्रसाद तिवारी र अर्थबजार डटकमका डिल्ली प्रसाद सापकोटा चयन भएका छन् । संस्थाको महासचिवमा अर्थसरोकार डटकमका सुरज प्याकुरेल चयन भएका छन् भने उपमहासचिवमा अर्थतन्त्र डटकमका रामेश्वर कार्की र सचिवमा क्रसचेक मासिकका टंक कार्की चयन भएका छन् ।

संस्थाको कोषाध्यक्षमा रोजगार मिडियाका फणिन्द्रप्रसाद दाहाल र सहसचिवमा आर्थिक प्लस डटकमका अमिर लामा र कार्यकारी सदस्यमा कर्पोरेट बजारकी अप्सरा गौतम चयन भएकी छन् । आर्थिक विधाका सञ्चारमाध्यमहरुको हकहितका लागि भन्दै गठन गरिएको इमानमा हाल २२ वटा आर्थिक मिडियाहरु सदस्य छन् ।

# ग्लोबल आइएमईको म्याग्दीमा एक्सटेन्सन काउन्टर



**म्याग्दी/मस** - ग्लोबल आइएमई बैंकले म्याग्दी जिल्लाको बेनी नगरपालिका तातोपानीमा बैंकको ६३औं एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ । बैंकले सेवाग्राहीको बढ्दो चाप र बिस्तारित बैंकिङ शाखाको मातहतमा रहनेगरी यो एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याइएको हो । यस एक्सटेन्सन काउन्टरबाट निक्षेप सङ्कलन गर्ने, नगद भुक्तानी गर्ने, मोबाइल तथा अनलाइन बैंकिङ सेवा दिने लगायत सेवाहरु उपलब्ध हुनेछन् । ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले ३६५ शाखा, ३६९ एटिएम, ३२१ शाखा रहित बैंकिङ सेवा, ६३ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी ११०० भन्दा बढि सेवा केन्द्रबाट ४० लाख भन्दा धेरै ग्राहकहरूलाई सेवा प्रदान गरिरहेको छ ।

# ४० लाख पटक डाउनलोड भयो आइएमई-पे एप

**काठमाडौं/मस** - आइएमई ग्रुपद्वारा प्रवर्द्धित आइएमई डिजिटल सोलुसन लिमिटेड अन्तर्गत सञ्चालित नेपालको पहिलो भुक्तानी सेवाप्रदायक कम्पनी आइएमई पेको एप डाउनलोड संख्या ४० लाख पुगेको छ । एप डाउनलोड संख्या ४० लाख पुगेको अवसर पारेर चन्द्रागिरिस्थित २५ सय ५१ मिटरको उचाइमा केक काटेर खुसीयाली साटासाट गरिएको छ । आइएमई ग्रुपमा कार्यरत अधिकांश कर्मचारीको उपस्थितिमा आयोजित पिकनिक कार्यक्रमसँगै सो उत्सव पनि मनाइएको थियो । ग्रुपका सिनियर भाइस प्रेसिडेन्ट सुमन पोखरेल र आइएमई पेका प्रमुख कार्यकारी अधिकृत प्रवीण रेग्मीले उक्त अवसरमा सहकर्मी साथीहरूकाबीच खुसी आदानप्रदान गरेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै सिनियर भाइस प्रेसिडेन्ट सुमन पोखरेलले डिजिटल पेमेन्टका क्षेत्रमा रहेका अवसरहरूको विषयमा चर्चा गरेका थिए ।

# सूर्य नेपालद्वारा सशस्त्र प्रहरीलाई एम्बुलेन्स हस्तान्तरण

**काठमाडौं/मस** - सूर्य नेपालले सशस्त्र प्रहरी बललाई एम्बुलेन्स हस्तान्तरण गरेको छ । कम्पनीले सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार चितवनमा रहेको पृथ्वी हाइवे ट्रमा अस्पताललाई सो एम्बुलेन्स हस्तान्तरण गरेको हो ।

सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार चितवनका प्रमुख एस एस पी अन्जनीकुमार पोखेललाई कम्पनीको भाइस प्रेसिडेन्ट कर्पोरट अफिसर रवी केसीले एम्बुलेन्सको चाबी हस्तान्तरण गरेका थिए। हाल सो ट्रमा अस्पतालमा एम्बुलेन्सको अभाव भएकाले तुरुन्तै घाइते बिरामीहरूलाई उद्धार गर्न कठिन भइरहेका कारण कम्पनीले सामाजिक उत्तरदायित्व अन्तर्गतको प्लाटफर्म सूर्य नेपाल आशा मार्फत एम्बुलेन्स उपलब्ध गराएको जनाएको छ ।


**शिबराज नगरपालिकाको**

**सूचना सूचना सूचना**

१. बाल विवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० बर्ष पछि मात्र गरौं/गराउन पहल गरौं ।
२. सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
३. निर्माण सामाग्री र चौपाया सार्वजनिक राजमार्गमा नराखौं/नछौढौं ।
४. सार्वजनिक जग्गामा घर टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
५. कर तिर्नु सबै नागरिकको कर्तव्य हो । "कर तिरौं सभ्य नागरिकको परिचय दिऊँ" ।



**हार्दिक बधाई तथा शुभकामना**

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २० औं वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शिवजी यादव, अध्यक्ष
रेणु यादव, उपाध्यक्ष
रमेश नारायण शर्मा, प्रमुख प्रशासकीय अधिकृत

औरही गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिराहा, मधेश प्रदेश



**हार्दिक बधाई तथा शुभकामना**

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २० औं वर्ष पूरा गरी २१ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जित नारायण यादव, नगर प्रमुख
तुलसा कुमारि पाण्डे, उप- प्रमुख
ई. लखनदेव यादव, प्रमुख प्रशासकीय अधिकृत

गणेशमान चारनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश













**अनलाइन प्रविधि मार्फत हुने क्रिप्टोकरेन्सी, विटक्वाइन, हाइपर नेटवर्किङ्ग, अनलाईन जुवा लगायतका विषयमा नेपाल दूरसञ्चार प्राधिकरणबाट जारी गरिएको निर्देशन**

नेपालमा मौद्रिक उपकरणको रुपमा कानूनी मान्यता नदिएको Virtual Currency र Network Marketing लगायतका डिजिटल प्रविधिको प्रयोग गरी हुने कारोवार हालका दिनमा बढ्दै गएको हुँदा अनलाइन प्रविधि मार्फत हुने क्रिप्टोकरेन्सी, विटक्वाइन, हाइपर नेटवर्किङ्ग, अनलाईन जुवा लगायतका गैर कानूनी क्रियाकलाप तथा आर्थिक अपराधसँग सम्बन्धित Website, App, अनलाइन सञ्जाल लगायतका भर्चुअल माध्यमहरु नेपालभित्र प्रयोग, संचालन र व्यवस्थापन गर्न नपाउने गरी र त्यस्तो Website, App वा अनलाइन सञ्जालमा पहुँच पुग्न नसक्ने व्यवस्था गर्न सबै इन्टरनेट (इमेल सहित) सेवा प्रदायक संस्थाहरुलाई नेपाल दूरसञ्चार प्राधिकरणबाट निर्देशन जारी गरिएको छ । साथै प्राधिकरणबाट जारी गरिएको निर्देशनको पालना नगरेको पाईएमा ऐन बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बधित सबैलाई जानकारी गराईन्छ ।

नेपाल दूरसञ्चार प्राधिकरण
Nepal Telecommunications Authority
अनुगमन महाशाखा, जमल, काठमाडौँ, नेपाल,
फोन नं:९७७-५३५५४७४, Email: info@nta.gov.np, URL: www.nta.gov.np







प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१-५३२६३६६, ०१-५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सीईओ तथा कार्यकारी सम्पादक : **दीपेन्द्रविक्रम तामाङ**, सम्पादक: **मदनकुमार श्रेष्ठ**